# भूमि अधिकार

वर्ष १२, पूर्णाङ्क ३७, असार २०७१


## संकटमा चुरे
## चिन्तित चुरेवासी ३



## अभ्यास : सामुदायिक भूमि सुधारको १६



## मालपोत धर्ना : जे देखियो/जे भोगियो ७



- 'नदी' नै खेतबारी थियो ६
- कुराकानी १०
- बिर्ता : गणतन्त्रको कालो दाग १२
- किसानद्वारा मालपोत धर्ना १४
- मोही किसानद्वारा धर्ना २२
- अगुवाका कुरा २४
- गतिविधि २५
- पाठक प्रतिक्रिया ३२



प्रकाशकः

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

पोस्ट बक्स नम्बर १९७९०, भूमिघर, धापासी-८ काठमाडौं, नेपाल

फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३

इमेल landrights@csrcnepal.org, website– www.csrcnepal.org

CSRC आत्मनिर्भर केन्द्र

**लेआउट/डिजाइन** : मिडिया क्याफे, अनामनगर

# चुरे संरक्षण समिति
# गम्भिर विषयमा हलुका निर्णय

हाम्रो भन्नु

चुरे क्षेत्रको जैविक र वातावरणीय मूल्य जती छ, त्यत्तिकै आर्थिक र सामाजिक महत्व पनि । शरिरका नशा जस्तै अनगिन्ती जलाधार क्षेत्रले चुरे र तराई मधेशको प्राण धानेको छ । बाढीको समयमा पानीको सतहलाई नियन्त्रित गर्न चुरेको भूमिका अतुलनीय छ । चुरे अमूल्य वन स्रोत र सम्पदा (काठ दाउरा, पशुआहार) को पनि आधार हो । असङ्ख्य वन्यजन्तु र चराचुरूङ्गीको बासस्थान त हुँदै हो ।

चुरेबासीले वर्षौंदेखि चुरे संरक्षणमा विशेष चासो राख्न र यसको संरक्षणमा स्थानीय समुदायको सहभागिताका विषयमा सरकारसँग माग गर्दै आएका थिए । जतिखेर ठुलो विनास भइसकेको थिएन, समयमै सरकारले चुरे चिन्न सकेनन् । गिट्टी, ढुङ्गा, वालुवा र काठको अवैध निकासीले चुरेको स्वरूप नै बदलिने स्थिती बनेपछि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागू गरियो । तर कार्यक्रम प्रभावकारी भएन ।

चुरे संरक्षणको लागि चौतर्फी आवाज उठेपनि कुनै पनि राजनीतिक दलले यस विषयमा आधिकारिक धारणा बाहिर ल्याएका छैनन् । सरकारले भने असारको पहिलो साता पूर्वसचिव रामेश्वर खनालको अध्यक्षतामा राष्ट्रपति चुरे तराई-मधेश संरक्षण समिति बनाएको छ । यति महत्वको विषयमा समितिका सदस्यसमेत टुङ्गो नलगाई जुन निर्णय लिइयो । यसले फेरी पनि सरकारी तयारी र गम्भिरतामा प्रश्न उठाउने ठाउँ दिएको छ । समितिको नामले पनि धेरै अविश्वास जन्माएको छ । चुरे संरक्षणको महत्व मधेशलाई पनि छ र चुरेसँगै जोडिएको पहाडलाई पनि छ । चुरेसँगै अरू भूभाग जोड्न आवश्यक थिएन । यसले फेरी सिङ्गो १७ प्रतिशत मधेश र १३ प्रतिशत चुरेको संरक्षणको भारी बोक्न सक्ने पनि हैन ।

चुरे संरक्षणको लागि नयाँ संरचना चाहिएको छ । तर यो संरचनामा स्थानीयबासी र यसका सरोकारवालाहरूको ठाउँ कहाँ रहन्छ ? के स्थानीय समुदायको संलग्नता बिना चुरे जोगिन्छ ? यो संरचना खडा गर्नुपूर्व पर्याप्त छलफल हुनुपर्दथ्यो । यसको स्वरूप र कार्यादेशका विषयमा । अनि यसका स्थानीय समुदायको अपनत्व र सहभागिताका विषयमा । यस मामिलामा चुरेबासीलाई फगत वस्तु ठानियो । सिंहदरवारले आफूलाई यसको ठेकेदार मान्यो । विभिन्न क्षेत्रबाट भइरहेको विरोधको एउटा कारण प्रक्रियामा हो । चुरेको संरक्षणमा कसैको विमती छैन । मुद्दा यत्ति होकी, यसमा समुदाय केन्द्रमा रहने की ? सरकार वा सेना ? संसारभरको उदाहरण हेरियो भने समुदायको सहभागिता बिना कतै संरक्षण सफल भएको छैन । र त्यस्तो संरक्षणको कुनै महत्व पनि छैन ।

स्थानीय समुदायको जीविका र अपनत्वसँग नजोडिएको संरक्षणको नारा अहिलेकै स्थितीमा सफल हुने पनि देखिँदैन । संरक्षण र चुरेबासीको जीविकाका सवाललाईसँगै लिएर जानुपर्दछ । यस कार्यमा समुदाय अघिअघि र सरकार पछिपछि तर समन्वयात्मक हुनुपर्छ । चुरे क्षेत्रको वन समुदायलाई नै हस्तान्तरण गर्ने र उनीहरूलाई नै जिम्मेवार बनाउनुपर्छ । प्रत्येक सङ्गठनमा स्थानीयको अगुवाईमा चुरे संरक्षण र भू-उपयोग समिति बनाउने र तिनलाई त्यसको संरक्षणको जिम्मा दिनुपर्छ । उनले बनाएका भू-उपयोग लगायतका योजनामा सरकारले सहयोग गर्नुपर्छ ।

समिति बनिसक्दा पनि चुरेबासीको भू-स्वामित्व र सामुदायिक वन सम्बन्धी स्पष्ट धारणा बाहिर आएको छैन । यस सम्बन्धी सरकारको लिखित धारणा आउनु पर्दछ । वातावरण संरक्षण ऐनको दफा १० अनुसार आएको यस समितिले चुरेको चुरो समस्या हल गर्दैन । यसका लागि छुट्टै ऐन र स्पष्ट कार्यादेशसहितको आयोग चाहिन्छ । त्यसमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गरिनुपर्छ र मानवसहितको चुरे संरक्षण र समून्नत चुरे यसको मूल उद्देश्य हुनुपर्छ ।



# सङ्कटमा चुरे चिन्तित चुरेबासी



■ कुमार थापा

वैशाखको उखरमाउलो गर्मी । छरिएका बस्ती । यातायात, स्वास्थ्य, शिक्षा, खानेपानीलगायत् आधारभूत विकास नपुगेको जनजाति बाहुल्य 'चुरे' । बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाका चुरेबासी किसान यात्रामा कुम्लो कुटुरो बोकेर चुरे उक्ले र ओर्ले । ज्यालाबनी गरेर पेट भर्ने गरिबलाई घरपरिवार, लालाबाला छाडेर यात्रामा निस्कन सजिलो थिएन । तर पनि झुपडी जोगाउन, खनीखोस्री जीविका चलाउन सहयोगी बनेको जमिनको अधिकार लिन उनीहरू यात्रामा सामेल भए । भविष्यमा बालबालिकाले आफूले जस्तो दुःख भोग्नु नपरोस् भन्ने त्यान्द्रोले यात्रा जोडेको थियो ।

'ल है मेरो बाखा तिमीले हेरिदिनु, म एक हप्तापछि फर्कन्छु' भन्दै बाखा छिमेकीलाई जिम्मा लगाए । कसैले वल्लोपल्लो घरका बच्चालाई 'एकै ठाउँमा बस है' भनी यात्रामा निस्के । २०७१ वैशाख ६ देखि एकै पटक यात्रा सुरु गरे बाराको अमलेखगञ्ज र सर्लाहीको पत्थरकोटबाट । चुरेबासीले चुरे क्षेत्रका बस्तीबस्तीमा पुगी चुरेबासी, सामुदायिक वनका पदाधिकारी, गाविसका कर्मचारी, युवा र विद्यार्थीसँग भलाकुसारी गरे । गाउँ, टोल सरसफाइ गरे । चुरे संरक्षण, भूमि अधिकारलगायत् विषयमा

जानकारी गराए । वन जोगाऔं, पानी जोगाऔं, जमिन जोगाऔं, यो जोगायौं भनेमात्र हामी मानव जोगिन्छौं भन्ने सन्देश फैलाए । चुरेका गरिबहरू चुरे बचाऔं भन्ने माग लिएर जिल्ला प्रशासनमा जाँदा गरिबको समस्या सुन्ने फुर्सद भएन, प्रमुख जिल्ला अधिकारीलाई । 'यो निर्णय मन्त्रालयमा हुन्छ । त्यहीँ जाउ । नत्र, तिमीहरूले भोट दिएर पठाएका नेतासँग सुनाउ'- रूखो बोले । त्यसैले उनीहरू पसे चुरे । गरे भलाकुसारी र साटे दुःख । अनि संरक्षणको अधिकारसहित गन्थनमन्थन पनि । यसरी नै बिते सात दिने 'चुरे जागरण यात्रा ।'

वनमारा र घोडताब्रेको बुटा । गेग्रान ढुङ्गा र सुख्खा पाखा । खासै उत्पादन के होला जस्तो देखिने ढुङ्यान चुरे । इन्द्रबहादुर रुम्बा । उमेरले ६६ पुगे । राम्रो सुन्दैनन् । ४ कट्ठा ढुङ्यान पाखो बारी छ । मकै र बोडी लगाउँछन् । तीन महिना मुस्किलले खान पुग्छ । १२ वर्ष भयो त्यहीँ ढुङ्यानमा मकै उमारेका । घरमा श्रीमती पनि छिन् । बाँस र खरले बनेको ढल्नै लागेको झुपडी यो दम्पतीको अर्को साथी हो ।

२०५२ सालमा मकवानपुरको निमनडाँडा गाविसको पान्द्राङमा पैरो गई घर पुर्‍यो । ३ कट्ठा ऐलानी जमिन पहिरोसँगै बग्यो । एक छोरी र दुई छोरा पनि पहिरोले लग्यो । त्यसपछि उनी कमानेमा आई ७ वर्ष अरुको जमिन जोते । अन्न उब्जाए । भकारी भरिदिए । तर कहिल्यै उनको र परिवारको पेट भरिएन । दिक्दार भए । रातोदिन काम गर्दा पनि अघाउने गरी खाना नपाएकोमा । पछि २०५९ मा चुरे पसे । वनमारा र घोडताब्रेका बुटा फाँडे । न उनले चुरे मासे, न वनका काठ नै । वनमारा उम्रेको ठाउँमा मकै फलाए । भिरालो पाखामा बाँस र निगालो लगाए । उनकी श्रीमती कान्छीमायाँ भन्छिन्- 'हामीले मकै उमार्‍यौं त के बिगार्‍यौं ? छोराछोरी पैरामा बगे हामी आगोमा जलौंला । पैरो लाग्दा पनि क्षतिपूर्ति पाएनौं । सरकारले जलायो भने झन् के देला र ? जोगाउन कोही आउँदैन । नास गर्नै आउने त हुन् नि सबै ।'

बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषामा यात्रा गर्दा प्रायजसो चुरेबासीको यस्तै पीडा र आवाज भेटियो । र, हामीमाथि प्रश्न ओइरिन्थे- 'हामीले आँगनको डिल लडाएर रुख काट्छौं ? यहाँको ढुङ्गा र बालुवा बेच्छौं ? यस्तो एकान्त र मरुभूमि जस्तो ठाउँमा आएर बस्छौं ? रहर र रमाइलोले बसेका होइनौं । हाम्रो बाध्यता छ । विवशता छ । हाम्रो कुरो कसैले सुन्दैन । सुनुवाई हुँदैन पनि । पैरो लाग्छ । सरकारले हेर्दैन । बाढीले बगाउँछ सरकारले हेर्दैन । आगो लाग्छ सरकारले हेर्दैन । हामी कहाँ बसौं ? कहाँ जाऔं ? सरकारी पर्ति जग्गामा त यस्तो छ, अरुको जग्गामा हामीलाई बस्न दिन्छन् ? को छ यो देशमा हाम्रो ? कसले सुन्ने हाम्रा पीडा ? यहाँबाट ट्याक्टरका ट्याक्टर ढुङ्गा र बालुवा ओसारिन्छ । हामीले समाई प्रशासनमा बुझाउँछौं । तर भोलिपल्टै गुण्डासहित आएर चुरेको ढुङ्गा उठाएर लग्छ । कसका लागि प्रशासन ? गरिब जनताका लागिमात्र कि चुरे दोहन गर्ने ठेकेदारका लागि पनि ? साँच्चै । यो प्रश्नको जवाफ थिएन, हामीसँग पनि ।

प्रशासन सुकुम्बासीको बस्तीमा आगो, डोजर लगाउँछ । उनीहरूको उचित व्यवस्थापनको विषयमा मौन बस्छ । सयौं वर्ष भिर, पाखा, खोला बगर बाँझो हुन्छ । त्यहाँ सरकारको नजर पर्दैन । रातारात सालको काठ, ढुङ्गा, गिटी र बालुवा भारत पुग्छ । प्रशासन चूप हुन्छ । जब भूमिहीनको टाउको लुकाउने झुपडी हुँदैन र बस्छ । त्यहाँ सरकारलाई डाहा हुन्छ । पेटमा चारो हाल्नलाई बाँझो जमिनमा मकै फल्छ । अनि भूमिहीनको बस्तीमा

## चुरे हाम्रो हो



**– ज्ञानबहादुर दोङ**, रतनपुरी, बारा

२०१९ सालमा बाराको रतनपुरीमा रुखका ठुटा र वनमारा फाँडेर बुबाले खेती गर्नुभयो । म त्यहीँ हुर्किएँ । मैले पनि खेतीपाती गरेँ र अन्न फलाएर परिवार पालेँ । त्यही जमिनलाई स्याहार र संरक्षण गरेको ५२ वर्ष पुग्यो । सरकारी कर्मचारीले काम गरेको २० वर्षपछि घरमा बसेर पेन्सन खान्छन् तर वर्षौ खेती गरेर मलिलो बनाएको जमिनको अधिकार पनि पाएनौं । लालपुर्जा कस्तो हुन्छ ? देख्नसम्म पाइएन । कस्तो विडम्बना ?

बसिरहेको ठाउँमा जमिनदार र केही नेता जमिनको प्रमाण छैन भन्दै उठिबासको धम्की दिन्छन् । लगाएको बालीमा वस्तु छाडिदिन्छन् । कसैलाई खेल्ने मैदान चाहिन्छ । वस्तु चराउने पाखो चाहिन्छ तर हामीले खेती गर्ने जमिन पाउँदैनौं । यही जग्गाको अधिकार खोज्दै सङ्गठितरूपमा आन्दोलन गर्न चुरेबासी मिली २०६९ सालमा लालुपाते गाउँ भूमि अधिकार मञ्च गठन गर्‍यौं र मञ्चमार्फत आन्दोलन गरिरहेका छौं । ५२ वर्ष खनीखोस्री आएको जमिनको आफ्ना छोराछोरी जत्तिकै माया लाग्छ । त्यही जमिन पनि खोला कटानले साँघुरिँदैछ । सरकारी निकायले खोला नियन्त्रणसमेत सहयोग गर्दैनन् । हामी बसेको जमिन हाम्रो हो । हामी पनि राज्यको नागरिक हौं । बेलाबेलामा चुरे क्षेत्रमा बसोबास गर्ने सुकुम्बासीलाई सरकारले हटाउँछ भन्दा दुःख लाग्छ । सबैलाई वन, पानी र जमिन चाहिन्छ । त्यसैले जमिनको अधिकारसहित चुरे संरक्षणको जिम्मा चुरेबासीलाई दिनुपर्छ ।

डोजर, आगोको राँको र प्रशासनको लाठी एकैपटक प्रहार हुन्छ ।

अर्कोतर्फ नेपालमा खाद्य, मानव, शिक्षा र स्वास्थ्य अधिकारको क्षेत्रमा काम गर्ने सयौं गैरसरकारी सङ्घ/संस्था छन् तर कमैले मात्र जनताको उठिबासविरुद्ध आवाज उठाउँछन् । जनताको उठिबास हुँदा बालबालिकाको शिक्षा, स्वास्थ्यमा कति असर पुग्छ ? मानसिकतामा कति असर पुग्छ ? उल्टै केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाले गरिबलाई उठाई वृक्षरोपण गर्न सरकारलाई सहयोग गरेको पाइन्छ । खाना, बास, स्वास्थ्य र शिक्षाबारे सरोकारवालाको ध्यान कमै पुगेको छ चुरेमा ।

जब वर्षा लाग्छ । भेल बग्छ । खोलाले गिट्टी बालुवासँगै तराई पुऱ्याउला कि भन्ने डर हुन्छ चुरेबासीलाई । बाराको बकैया नदीले रतनपुरीको सुकुम्बासी बस्ती हरेक वर्षायाममा कटान हुने गरेको छ । खेतीयोग्य धेरै जमिन बगरमा परिणत भएको छ । यही नदीबाट दैनिक हजारौं-हजार टिप गिट्टी र बालुवा निस्कन्छ । त्यसको आम्दानीले ठेकेदार र राज्यको पोल्टो भरिन्छ । तर त्यही खोलाको सिरानमा बस्ने भूमिहीन, गरिब चुरेपीडितहरू बग्दैछन् भन्ने कुरामा कसैको ध्यान जाँदैन । त्यही प्राकृतिक स्रोतको आम्दानी संरक्षणमा खर्च गरिँदैन । भू-संरक्षण र जिविसमा तारजाली माग्न गयो, दिइँदैन । भनिन्छ- त्यो बस्ती उठाउने हो । दिन सकिँदैन, मिल्दैन ।

रौतहट चन्द्रनिगाहपुरका पदम वाइबा भन्छन्- 'धन्सार खोलामा बाढी आउँदा अरुण बस्तीका बासिन्दा पालो कुरेर कुरुवा बस्नुपर्छ । कतिखेर खोलो बस्तीमा पस्ने हो ठेगान हुँदैन । गर्न सकिने केही होइन । सके भाग्यो । नसके बाढीसँगै । टुलुटुलु हेरेर बस्नेशिवाय केही छैन । जाउँ कता ? केही र कोही छैन ।' त्यस्तै, ६७ वर्षे औतारसिंह लामा भन्छन्- 'अब त थाकिसकियो ।

२०२० सालदेखि बसोबास गरेको धियाँलबाट २०४४ सालमा हात्ती लगाई सरकारले लगाऱ्यो । हेटौँडाको खोला किनारमा गएर बस्यौँ । हामी बसेको ठाउँलाई फोहोर थुपार्ने ठाउँ बनाइदिए । त्यहाँबाट पनि विस्थापित भयौँ । २०४८ सालदेखि भोलनटारमा आएर बसेका छौँ । अब त यहीँ मर्ने हो । हामी त आपराधिक गिरोहका मोस्ट वान्टेडभन्दा पनि ठूला अपराधी भयौँ । आपराधिक क्रियाकलापमा संलग्न भएको भए नेता तथा मन्त्रीले बचाउँथे होला । हामीलाई कसले बचाउला ? कसले जोगाइदेला हाम्रो झुपडी ?'

> "चुरेबासी गरिबी, भोक र अभावले छट्पटिएका छन् । चुरेबासी सरकारी कार्यालय, अस्पताल र विद्यालयको सेवा क्षेत्रबाट निकै टाढा छन् । नजिकै अस्पताल नहुँदा कतिले अकालमै ज्यान गुमाएका छन् । कति युवाले कखरा पनि पढ्न पाएका छैनन् । गाउँमै बस्यो जीविका धान्न धौ-धौ छ । जीविका धान्नकै लागि प्रायःजसो युवा खाडी मुलुक पलायन भएका छन् ।

चुरेबासी गरिबी, भोक र अभावले छट्पटिएका छन् । चुरेबासी सरकारी कार्यालय, अस्पताल र विद्यालयको सेवा क्षेत्रबाट निकै टाढा छन् । नजिकै अस्पताल नहुँदा कतिले अकालमै ज्यान गुमाएका छन् । कति युवाले कखरा पनि पढ्न पाएका छैनन् । गाउँमै बस्यो जीविका धान्न धौ-धौ छ । जीविका धान्नकै लागि प्रायःजसो युवा खाडी मुलुक पलायन भएका छन् । युवाहरू बाहिरिँदा महिलामा कामको बोझ थपिएको छ ।

२० प्रतिशत चुरेबासीसँग जमिनको स्वामित्व छ । स्वामित्वले अपनत्व बढाएको छ । आफ्नो वरिपरिका बोटबिरुवा, गल्छी, खोला-खोल्सी र बाटो राम्रोसँग संरक्षण गरिएको छ । यसबाट के देखिन्छ भने चुरे क्षेत्रलाई प्रकृतिसँग उनीहरूको सम्बन्ध अध्ययन गरेर बसोबास क्षेत्र, संरक्षित क्षेत्र, खेतीयोग्य क्षेत्र, वन क्षेत्र, संवेदनशील क्षेत्र आदि वर्गीकरण गरी बसोबास तथा भोगका आधारमा स्वामित्व उनीहरूलाई नै दिनुपर्छ । अहिलेको अलपत्रे अवस्था अन्त्य हुनुपर्छ । सरकारले २०६९ मा लागु गरेको भू-उपयोग नीति कार्यान्वयन गर्ने हो भने पनि चुरे संरक्षणको सवालमा काम गर्न सजिलो हुने देखिन्छ ।

जुन क्षेत्रमा हुनेखाने समुदाय तथा राज्यतवरमा पटकपटक बस्ती उठाउने धम्की आउँछ, त्यस क्षेत्रमा संरक्षणको प्रयास कम भएको छ । रौतहटस्थित चन्द्रनिगाहपुरको, महादेवडाँडा, भोलनटार, अरुणबस्ती, पौराइको जरुवामा पटकपटक सरकार उठाउने धम्की दिन्छ । कहिले यस ठाउँबाट उठ्नुपर्ने हो, ठेगान छैन । त्यस्तै चपेटामा परेको छ, सर्लाहीको कालिन्जोर, परवानीपुर र धनुषाको यज्ञभूमि पनि । तर चुरेमा पुस्तौँ बिताएका बाराको अमलेखगञ्ज, रतनपुरी, निजगढ, सर्लाहीको ढुङ्ग्रेखोला, पत्थरकोट, महोत्तरीको खयरमारा, माइस्थान, गौरीबास र धनुषाको तुलसीका समुदायले चुरे संरक्षणको प्रयास थालेका छन् ।

बाराको वनदेवी, राधाकृष्ण, सर्लाहीको तीनतले, महोत्तरीको सरस्वती यी चुरेबासीका नमुना सामुदायिक वन हुन् । यिनीहरूले भिर, पाखा, खोलाखोल्सी कुनै ठाउँ खाली राखेका छैनन् । जहाँ जे बिरुवा हुन्छ त्यही लगाएका छन् । नदीले कटान गरेको ठाउँमा भू-संरक्षण कार्यालयबाट सहयोग मागी तटबन्ध गरेका छन् । करेसा बारीमा फलफूल रोपेका छन् । भिरालो जमिनमा भू-क्षय बढेकाले बाँस, निगालो, भुइँकटहर, अम्रिसो लगाई आम्दानी बढाउन थालेका छन् । यसबाट के प्रष्ट हुन्छ भने अधिकारसहित संरक्षणको जिम्मा समुदायलाई दियो भने चुरे संरक्षण हुन्छ । नत्र 'नेपालको वन ठेकेदार र कर्मचारीको धन' हुनेछ । ●

# 'नदी' नै खेतबारी थियो



■ होमबहादुर मुसहर

> हाम्रो पुर्खौंदेखिको अधिकार खोसियो । जङ्गलबाट सिस्नु र निउरो टिप्न र नदीमा माछा मार्न पाउनुपर्छ भनेर आन्दोलन गरेपछि निकुञ्जले लाइसेन्स दिएको छ । र भनियो, 'नदीमा सानो जालले मात्र माछा समात्नु (मार्नु) र जङ्गलबाट झिना मसिनामात्रै दाउरा सङ्कलन गर्नु ।'

नवलपरासीको गैंडाकोटदेखि त्रिवेणीसम्म नारायणी नदीको किनारमा हामी माझी, मुसहर र बोटे समुदायका मानिस पुस्तौंदेखि बस्दै आएका छौं । बाबुबाजेले भनेकोअनुसार हामीलाई वि.सं. १९८३ मा सरकारले नारायणी नदीमा माछा मार्नका लागि लालमोहर लगाएर अधिकार दिएको थियो । 'नदी' नै हाम्रो खेत, बारी र जङ्गल थियो । नदीमा माछा समातेर बजारमा बेचेर नून, तेल र चामल ल्याउने र जङ्गलबाट निउरो, सिस्नु टिपेर साँझ-बिहानको छाक टारिन्थ्यो । ढुङ्गा बनाउन चाहिने काठ काट्न छुट थियो । ढुङ्गाबाट नारायणी नदीमा मान्छेलाई वारि–पारि तार्थ्यौं । यसबाट पनि केही आम्दानी हुन्थ्यो ।

२०२९ सालमा राष्ट्रिय निकुञ्ज ऐन जारी भयो ।  हामीलाई बसिरहेको ठाउँबाट विस्थापित गरियो । जोतभोग गरेको जमिन खोसियो । नदीमा पुल बनेपछि ढुङ्गा तार्ने पेशा खोसियो । निकुञ्ज घोषणा गरेपछि नदीमा माछा मार्न र जङ्गलबाट निउरो, सिस्नु टिप्ने पाउने काममा रोकावट भयो । जङ्गल जाँदा सैनिकले निकुञ्ज क्षेत्रभित्र प्रवेश गर्न पाइँदैन भनेर बन्दुक सोझ्याउँछन् । सातो लिन्छन् ।

हाम्रो पुर्खौंदेखिको अधिकार खोसियो । जङ्गलबाट सिस्नु र निउरो टिप्न र नदीमा माछा मार्न पाउनुपर्छ भनेर आन्दोलन गरेपछि निकुञ्जले लाइसेन्स दिएको छ । र भनियो, 'नदीमा सानो जालले मात्र माछा समात्नु (मार्नु) र जङ्गलबाट झिना मसिनामात्रै दाउरा सङ्कलन गर्नु ।' खेती गरेर खान पुग्ने जमिन छैन । भएको जग्गामा लगाएको बालीनाली र तरकारी पनि रातिराति निकुञ्जबाट वन्यजन्तु आएर खाइदिन्छन् । सखाप पारिदिन्छन् । यसरी बालीनाली खाइदिएपछि धपाउन जाँदा निकुञ्जका सेनाले गालिगलौज गर्छन् । बसिरहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जाका लागि २०६१ सालदेखि भूमि अधिकार मञ्चमा सङ्गठित भएर सङ्घर्ष गरिरहेका छौं । गैंडाकोटदेखि त्रिवेणीसम्म करिब ९ हजार माझी, मुसहर, बोटे परिवार बसोबास गरिरहेका छौं । हामीले पहिलेको जस्तै डुङ्गा चलाउने र निउरो, सिस्नु टिपेर जीविका चलाउन पाउनुपर्छ भनेर मागेका छैनौं । पहिलेको पेशामा सुधार गरेर आधुनिक तरिकाले माछा पालनमा सहयोग र खेती गरेर खान पुग्ने जमिन दिनुपर्‍यो भन्ने हो । यो मागमा सरकारले बेवास्ता गरिरहेको छ । हाम्रो माग सरकारले नसुन्नुको कारण हामी गरिब र पछाडि पारिएका माझी, मुसहर र बोटे भएर होला भन्ने लागेको छ । तर हामी अब सङ्घर्षपूर्ण आन्दोलनमा लागेका छौं, भूमिको महत्व हामीले बुझेका छौं । हामीलाई गरिखाने जमिन चाहिएको छ । हामीलाई जीविका चलाउनका लागि सिपअनुसारको रोजगारी पनि चाहिएको छ । जबसम्म उत्पादन गरेर जीविका चलाउनका लागि जमिन पाउँदैनौं तबसम्म हामी भूमि अधिकारको लडाइँ लडिरहने छौं । ●




# जे देखियो/जे भोगियो



■ कल्पना कार्की

रसुवा र नुवाकोटका बिर्ता तथा गुठीपीडित किसानहरूले मालपोत कार्यालयमा धर्ना दिने कार्यक्रम तय भएको थियो । जेठ ४ गते बिहानैदेखि गाउँ-गाउँबाट निगालो र बाँसको सिटा बोकेका किसान आउन सुरु गरेका थिए । चामल, गुन्द्रुक, आलु, प्याज, लसुन, खुर्सानीको पोको, पानीको बोतल र ओड्ने बर्को, च्यादर बोकेर किसान आएका थिए । गोर्स्याङ, चौघडा, जिलिङ, दुई पीपल, रातमाटे, गणेस्थान, खड्ग भञ्ज्याङलगायत् गाविसका किसान विदुर आएका थिए ।

उनीहरू आएको ट्रकमा दाउराको चाङ पनि उस्तै थियो । १२ बजेको चर्को घामसँगै विदुर चोकबाट किसानको र्‍याली सुरु भयो । र्‍यालीमा करिब ५ सय हुँदा हुन् । र्‍याली जिविस कार्यालय र नेपाल बैंक चोक हुँदै मालपोत कार्यालय पुग्यो । त्यहाँ सयौंको सङ्ख्यामा प्रहरी तैनाथ गरिएको रहेछ । 'बिर्ता जग्गा रैकर गर ! पहिले जग्गा हाम्रै हो, पछि गुठी किन भो ! सुकुम्बासी समस्या समाधान गर ! जस्ता नारा लगाउँदै मालपोतको ढोकाबाट किसान भित्र जान खोजेपछि प्रहरीले रोक्न सकेन । अन्ततः किसानहरू मालपोत कार्यालय छिरे । र, धर्ना बसे ।

मालपोत प्रमुखले मञ्चले राखेका मागलाई मन्त्रालयसम्म पुऱ्याइएकाले सेवाग्राहीलाई काम नरोकिकन धर्ना गरिदिन अनुरोध गर्नुभयो । जिल्ला मञ्चका अध्यक्ष चुडामणि गजुरेलले धर्ना शान्तिपूर्ण हुन्छ तर मालपोतको काम ठप्प गर्ने उद्देश्य भन्ने कुरा राख्नुभयो । धर्नामा मालपोत प्रमुख, एमालेका अध्यक्ष नारायणप्रसाद खतिवडा, एनेकपा माओवादीका रामभक्त उप्रेती, नेकपा-माओवादीका लीला न्यौपाने, राप्रपाका झम्क प्याकुरेल, नेपाली कङ्ग्रेसका थिङ्सी लामा, विधार्थी नेता उषाकिरण तिमल्सिनाले ऐक्यबद्धता जनाउनुभयो ।

पहिलो दिन नै अध्यक्ष चुडामणिप्रसाद गजुरेलसहित वार्ता टोलीसँग प्रमुख जिल्ला अधिकारी कोषहरि निरौला, मालपोत अधिकृत पृथबहादुर केसीबीच एक चरणको छलफल भयो । छलफलमा मञ्चका मागहरू भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पठाइसकिएकाले धर्ना तोड्नुपर्ने सुझाव दिए ।

मञ्चका अध्यक्षलाई पटक–पटक प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा बोलाउने, धर्ना स्थगित गर्नका लागि हतोत्साही पार्ने किसिमको व्यवहार भएछ ।

साँझ करिव ६ बजेको हुँदो हो ! अगुवाहरू आ-आफ्नो जिम्मेवारीअनुसार व्यवस्थापनमा खटिइरहेका थिए । पानी, दाउरा, भाँडाकुँडा, चामल, गुन्द्रुक लिएर धर्नास्थलतर्फ आउन खोज्दै गरेका अगुवालाई सुरक्षाकर्मीले गेटैमा रोके । मालपोतको बरन्डाको दुवैतर्फ धर्नाकारी पाल ओछ्याएर बसेका थिए । चारैतिर प्रहरीले घेरा हालिसकेका थिए ।

डिएसपी विपिन कर्माचार्य र इन्सपेक्टर ऋषिकुमार ढुङ्गानाको आदेशमा प्रहरीले बल प्रयोग गरेर धर्नाकारीलाई जबरजस्ती निकाल्यो । 'लछारपछार पार्दै बाहिर निकाल, नमानेमा लाठ्ठी हान केटा हो' भन्ने आदेश इन्सपेक्टरको थियो । प्रशासनको चरम दमन व्यवस्थापन गर्दै रात परेकाले चिउरामात्र खाएर सुत्ने कुरा आएको थियो । तत्काले बेलुकी जिल्ला मञ्चको टिमबीच छोटो समीक्षा गरियो । जसरी भए पनि सडकमै बस्ने र खाना पकाएर खाने अनि भोलिपल्टदेखिको धर्ना अझ सशक्त बनाउने निर्णय भयो । विदुरको गर्मी, बेलुकी अबेरसम्म पनि पीच सडक तातै थियो । त्यही तातो सडकमै धर्नाकारी किसानहरू सुते ।

**नेताको बोलीमा ताकत**

धर्नाको पहिलो दिन प्रहरी प्रशासनले गरेको दमनबारे आन्दोलनका सहयोगीसम्म पुऱ्याउने कोसिस गरेँ । सरेश नेपाल दाइसँग बेलुकी कुरा भयो । उहाँले अखिल नेपाल किसान महासङ्घका नेता बलराम बास्कोटा नुवाकोट आउँदै हुनुहुन्छ र उहाँले धर्नालाई सम्बोधन गर्नुहुन्छ भन्नुभयो । जेठ ५ गते दिउसो २ बजे बलराम बास्कोटाले जोशिलो भाषण गर्नुभयो । प्रहरी प्रशासनले किसानमाथि लाठीचार्ज गर्नुको सट्टा वार्ताको टेबुलबाट समाधानमा सघाउनुपर्नेमा जोड दिनुभयो । 'शान्तिपूर्ण धर्ना गर्न पाउने किसानहरूको अधिकार हो, बर्वर दमन, थुनछेकबाट समस्याको समाधान हुँदैन ।' उहाँले बोलेका यत्ति कुराले पनि प्रहरीहरू अलि टाढा गएर बसिदिएपछि धर्नास्थल तनावरहित हुन पुग्यो । लाग्यो, नेताको बोलीमा पनि ताकत लुकेको हुने रहेछ । तर किन सबै नेताहरू गरिब किसानको बीचमा बोल्ने हिम्मत गर्दैनन् । बोलेका कुरा व्यवहारमा लागु किन गर्दैनन् ? समस्या टुङ्गाउन चाहँदैनन् ?

**आन्दोलनमा भौतिक उपस्थितिको महत्व**

धर्नाको तेस्रो दिन जेठ ६ गते विश्वास भाइ पनि धुन्चेबाट विदुर पुग्नुभयो । त्यसैदिन राति जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकका अध्यक्ष नवराज गुरागाईं पनि विदुर आउनुभयो । उहाँले राति धर्नाकारीलाई सिन्धुपाल्चोकमा गुठी जग्गा रैकर गर्दाको सङ्घर्ष सुनाउनुभयो । राति अबेरसम्म सबैले चाख लिएर उहाँको कुरा सुने । फेरि भोलिपल्ट बिहान पनि उहाँले धर्नालाई सम्बोधन गर्नुभयो । उहाँलाई नुवाकोट आइसकेपछि रसुवा पनि जानका लागि अनुरोध गरेँ । पछि थाहा पाएँ, उहाँले रसुवा गएर राखेको कुराले धर्नाकारी विशेषगरी हाकुका किसान उत्साहित भएछन् । लाग्यो, आन्दोलनमा अन्य सहयोग, समन्वय सँगसँगै स्वयम् व्यक्ति उपस्थित भएर ऐक्यबद्धता जनाउँदा र प्रशिक्षण गर्दा आन्दोलनलाई एउटा उचाईमा पुऱ्याउन मद्दत पुग्छ ।

**प्रहरी प्रशासनको दमन**

धर्नाको पाँचौ दिन जेठ ८ गते काठमाडौँमा वार्ता भइरहेको थियो । चौथो दिनसम्म प्रहरी, लेखन्दासहरूसँग वैचारिक विवाद चर्कोरूपमा भए पनि लाठीचार्ज भने भएको थिएन । मूल ढोका र साइडको ढोकामा धर्ना दिएपछि लेखन्दास, प्रहरी र कर्मचारी मिलेर तेस्रो बाटो बनाई सेवाग्रहीलाई भित्र पठाउन थालेका थिए । सकेसम्म सेवाग्राहीलाई भित्र पस्न नदिने तर हाम्रो शक्तिभन्दा बढी पनि नगर्ने छलफल भएको थियो । अरु दिनझैं दुईवटै ढोकामा धर्नामा पहिले महिलाहरू अनि पुरुषहरू बसेका थिए ।

वार्तामार्फत केही परिणाम आउने आशामा सबै थिए । कल्पना, पविना, हिराजीलगायत्का साथीहरू तारजाली लगाएको ठाउँमा गएर बस्नुभयो । चर्को घाममा पनि धर्नास्थलमा जोड-जोडले नारा लगाइरहेका थिए । काम गर्न आएका केही सेवाग्राहीलाई फर्काएपछि धर्ना शान्तिपूर्ण भइसकेको थियो । धर्नाको अपडेट गर्न केही समयका लागि मञ्चको कार्यालयमा गएको आधा घण्टा मात्र भएको थियो कल्पनाजीले फोनमा भन्नुभयो- तपाईं माथि नआउनुहोला, यहाँ स्थिति ठीक छैन, धर्नास्थलमा म र पविनाबाहेक कोही छैनौं । हामीले पिटाई धेरै खायौं । क्यामेरा पनि प्रहरीले फुटाएर फ्याँकिदिए । हाम्रा साथीहरूलाई प्रहरीले भ्यानमा हालेर लगिसक्यो । तैपनि म सम्हाल्छु, माथि नआउनूस् ।'

१२ बजेको मध्य घाम, दुई दिनदेखि पखालाले गलेको शरीर र कल्पनाले सुनाएको त्यो खबर, एकछिन त केही सोच्नै सकिनँ । तैपनि मन भने गलेन । धर्नास्थलमै जाने निर्णय गरेँ र गएँ । त्यहाँ पुग्नासाथ प्रहरी निरीक्षक ऋषिकुमार ढुङ्गानाले मलाई खाउँलाझैं गरेर हेरे । मैले उनलाई ध्यान दिनेभन्दा पनि साथीहरूको अवस्था बुझ्नतिर लागेँ । कल्पनालाई हेरेँ, सबैभन्दा बढी पिटाई उहाँले नै खानुभएको रहेछ । तैपनि आन्दोलन हो भनेर सबैलाई उहाँ सम्झाउँदै हुनुहुँदोरहेछ । पविना भट्ट, हिरा बुढाथोकीलगायत् साथीहरूले प्रहरीले लठ्ठी र बुटले हिर्काउँदा लागेको घाउ र चोट देखाएर न्याउरो मुख लगाइरहनुभएको रहेछ । एकैछिनमा पत्रकारहरू पनि आइ घटनाको लाइभ रेकर्ड गरे ।

पछि तितरवितर भएका साथीहरू पनि धर्नास्थलमा आउनुभयो । सायद उहाँहरूलाई आड र भरोसा थपियो होला । २ वटा एम्बुलेन्स बोलाएर कल्पनालगायत्का साथीहरूलाई अस्पताल पठाइयो र बाँकीलाई पानी ल्याएर खुवाइयो । त्यसपछि 'प्रहरी दमन बन्द गर, महिला कुट्ने प्रहरीलाई कार्बाही गर, गिरफ्तार किसानलाई रिहा गर' जस्ता नारा आधा घण्टासम्म लगाइयो । त्यसपछि अवस्था अलि सामान्य भयो ।

दिउसो, काठमाडौँबाट ३ जना मान्छे मालपोत पुगेछन् । उनीहरूको गाडी रोक्नासाथ प्रहरीले महिलालाई लछार-पछार गर्दै ताला खोलेपछि झडप सुरु भएछ । सबै किसानले वार्ता भइरहेको बेलामा केही समय यस्तो नगरिदिनुहोस्, कसरी ताला खोल्न पाइन्छ ? भनी प्रश्न गर्दा प्रहरीले सिडिओको आदेश आयो भनेछन् । त्यसपछि अर्चना लामाले नेतृत्व गर्दै सिडिओ चाँहिदैन, किसान कुट्न पाइँदैन भन्दै एक हुल मान्छे लिएर जिल्ला प्रशासन जानुभएछ ।

प्रशासन कार्यालयभित्र धर्नाकारी पस्नेबित्तिकै प्रहरीले लाठीचार्ज गरेछ । लेखन्दासले आन्दोलनमा ढुङ्गा हानेपछि भिडन्त झन् चर्केछ । पहिले नै कुटाई खाइसकेकी कल्पना, प्रशासनमा साथीहरूलाई फर्काउन जाँदा झन्

धेरै पिटिइछिन्। मञ्चका सचिव रामहरि घिमिरे, अगुवाहरू रामप्रसाद भट्ट र बलराम भट्टलाई गिरफ्तार गरेर प्रहरी चौकी लगेछ। मुस्कानसहितको प्रहरी सेवा सुरु गरेको भोलिपल्ट बूढाबूढी र महिलामाथि पुरुष प्रहरीले निर्घात कुटपिट गरे। यो साह्रै निन्दनीय र खेदयुक्त घटना थियो।

धर्नास्थलमा अन्तिमसम्म कल्पना न्यौपाने, पविना भट्ट र हिरा बुढाथोकीमात्र रहे। सिङ्गो प्रहरी प्रशासनसँग नडराई मुकाविला गर्न सक्ने आन्दोलनको साहसिलो अभियानकर्ता लाग्यो 'कल्पना'। प्रहरीको दमनलाई सञ्चार माध्यमले निकै राम्रो विश्लेषणसहित बाहिर ल्याइदिए। तुरुन्तै राजनीतिक दलका नेताहरू प्रशासन कार्यालयमा आइपुगे। डिएसपी विपिन कर्माचार्य र सहायक प्रमुख अधिकारी तीर्थबहादुर अधिकारीले पत्रकारसामु गल्ती महसुस गरे। गिरफ्तार गरेकालाई साँझ छाडिदिए।

मन्त्रालयमा वार्ता भइरहेको थियो। प्रहरीले गरेको दमनको खबर वार्ता टोलीलाई मेसेज गरिदिएँ। वार्तामा नुवाकोटबाट अध्यक्ष चुडामणि गजुरेल र सदस्य विन्दा न्यौपाने जानुभएको थियो। झमक्क साँझ पर्‍यो। शोकाकुल परिवारझैं शून्य वातावरण ! घाइतेहरू उपचार गरेर फर्किए। खाना खाएर समीक्षामा बस्यौं। यो दिनको समीक्षा गरम र तातो भयो। बूढीआमाहरू पनि बोल्नुभयो। घाइतेहरूले धेरै कुरा उठाए। जति दिन परेनि धर्ना बस्ने आँट सबैमा पलायो। पुलिस प्रशासनको दमनविरुद्ध आधा घण्टा बोलें, यसले धर्नाकारीको घाउमा मलम लगाउन मद्दत पुर्‍यायो।

**तनावै तनावको आन्दोलन**

१० वर्षको अन्तरालमा ठूला र लामो अवधिको आन्दोलनको सहजीकरण गर्ने, सहभागी हुने दुवै भूमिका निर्वाह गरेको अनुभव छ। तर यस पटकको आन्दोलनले शारीरिकभन्दा बढी मानसिक तनाव सिर्जना गर्‍यो। नुवाकोटमा पहिलो आन्दोलन भएकाले पनि होला प्रहरी, प्रशासन, लेखन्दास, मालपोत कर्मचारी सबै नै आन्दोलन दबाउन लागिपरेका थिए। प्रमुख जिल्ला अधिकारी र मालपोत प्रमुख जेठ ५ गते नै घरायसी काम देखाई बिदा लिएर हिँडेका थिए। राजनीतिक दलका नेताहरू काठमाडौं बस्ने र प्रतिनिधिहरू मात्र आएर ऐक्यबद्धता जनाउने गरेका रहेछन्। यसैले पनि प्रशासनले आन्दोलनलाई पेल्ने मौका पायो।

अलि सक्रिय भएको देख्यो कि बाहिरी मान्छेले उचालेको आरोप आउँथ्यो। प्रहरी निरीक्षक ऋषिकुमार ढुङ्गाना र अनुसन्धान विभागका कर्मचारीहरू मलाई पक्डन खोजिरहेको कुरा पनि आयो। तर मैले यी सबै कुराको वास्ता नगरी धर्नालाई व्यवस्थित र मर्यादित बनाउने र अगुवा साथीलाई बढी परिचालन हुन प्रेरित गरें। छैटौं दिन दुवै जिल्लाको धर्ना स्थगन भयो। सभासद् छोवाङतेन्जिन तामाङ, राष्ट्रिय मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीसहित वार्ता टोली नुवाकोट आइपुगे। र, राति नै मन्त्रालयमा भएको सहमति पढेर धर्ना स्थगन गरियो।

त्यही दिन राति कल्पना न्यौपानेलाई एक्कासि जीउ फुलेर सास फेर्न गाह्रो भएपछि त्रिशूली हस्पिटल भर्ना गरियो। अस्पतालले मुटुमा समस्या भएकाले काठमाडौं लाने सल्लाह दिएछ। राति नै एम्बुलेन्समा काठमाडौं शिक्षण अस्पताल पुर्‍याइएछ। ४ घण्टापछि मात्र उहाँको होस् खुलेछ। धरपकड र लाठीचार्ज गर्दा मुटुमा समस्या भएको हुन सक्ने अनुमान डक्टरले गरेका छन्। त्यस्तै आन्दोलनकै क्रममा कुटिएका रामप्रसाद भट्टको हातमा ठूलो चोट लागेको छ। उनको पनि काठमाडौंमा उपचार भयो।

जेठ १० गते धुन्चेमा सभासद् छोवाङतेन्जिन तामाङ, राष्ट्रिय मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारी, प्रमुख जिल्ला अधिकारलगायत्को उपस्थितिमा औपचारिक कार्यक्रम गरी धर्ना स्थगन गरियो।

> “१२ बजेको मध्य घाम, दुई दिनदेखि पखालाले गलेको शरीर र कल्पनाले सुनाएको त्यो खबर, एकछिन त केही सोच्नै सकिनँ। तैपनि मन भने गलेन। धर्नास्थलमै जाने निर्णय गरेँ र गएँ। त्यहाँ पुग्नासाथ प्रहरी निरीक्षक ऋषिकुमार ढुङ्गानाले मलाई खाउँलाझैं गरेर हेरे। मैले उनलाई ध्यान दिनेभन्दा पनि साथीहरूको अवस्था बुझ्नतिर लागेँ। कल्पनालाई हेरेँ, सबैभन्दा बढी पिटाइ उहाँले नै खानुभएको रहेछ। तैपनि आन्दोलन हो भनेर सबैलाई उहाँ सम्झाउँदै हुनुहुँदोरहेछ।

**आन्दोलनबाट सिकेको पाठ**

महिला अगुवा छनौट र परिचालनले आन्दोलन सफल बनाउन मद्दत पुग्यो। यस्ता आन्दोलनमा राष्ट्रिय भूमि अधिकार मञ्चका पदाधिकारीको अनिवार्य उपस्थिति हुनुपर्छ। यसले आन्दोलनलाई नैतिक बल र अगुवाहरूलाई ऊर्जा थप्ने काम गर्दछ। संस्थागत परिचय भएकाको भूमिका आन्दोलनमा प्रत्यक्ष सामेल हुँदा बढी प्रभावकारी हुने देखियो।

जिल्ला तहमा धर्नामा आउने सहभागीहरूले गाउँबाटै बन्दोबस्तीको सामान (दाल, चामल, तरकारी, ओड्ने-ओछ्याउने) लिएर आउँदा बढी जिम्मेवार भएको पाइयो। बिहान आएर बेलुकी घर फर्कने र भोलिपल्ट फेरि धर्नामा आउने सहभागीहरूबाट आचारसंहिता पालनामा समस्या देखापर्‍यो। नगदभन्दा जिन्सी सहयोग जुटाउन सजिलो भयो। यसका लागि एक जनाले जिम्मेवारी लिएर सम्बन्धित निकायका प्रमुखलाई चिठी, फोन, भेटघाट र फलोअप नियमित गर्नुपर्ने रहेछ। यस्ता सहयोगले मञ्चलाई आर्थिक भार कम हुनुका साथै आन्दोलनमा नैतिक बल थपियो। धर्ना अवधिमा प्रत्येक दिनको व्यस्त कार्यक्रम बन्नुपर्छ।

धर्ना अवधिमा नजिकका जिल्लाहरूबाट सहभागिता र ऐक्बद्धताको ठूलो प्रभाव पर्‍यो। एउटै सवालमा सफलता पाएको जिल्लाका अगुवाहरू आएर अनुभव आदान–प्रदान गर्नाले धर्नाकारीलाई उत्साहित बनाउन सहयोग पुग्यो। ●

# आन्दोलन पुगेको छैन



राधाकृष्ण गाउँ भूमि अधिकार मञ्चकी अध्यक्ष एवम् जिल्ला भूमि अधिकार मञ्च कैलालीकी कोषाध्यक्ष **इन्द्रा सुनार** (४२) सँग भूमि अधिकार आन्दोलनमा उनको अनुभव र सङ्घर्षबारेमा गरिएको कुराकानी :

**कहिलेदेखि भूमि अधिकार अभियानमा सङ्गठित हुनुभयो ?**

२०६२ सालमा राधाकृष्ण गाउँ भूमि अधिकार मञ्च गठन गरी ८४ परिवार भूमिहीन सङ्गठित भएका हौं ।

**यसअघि कहाँ बस्नुहुन्थ्यो ?**

हामी त कैलालीकै रैथाने हौं । जमिन छैन । जहाँ बस्यो उठिबास भइहाल्थ्यो । यसअघि पनि हामी कैलालीकै अर्को शिविरमा बसेका थियौं । त्यहाँबाट पनि उठिबास भयो । सरकार र सामुदायिक वनले सुकुम्बासीहरूलाई ढुक्कले बसोबास गर्न दिएनन् । पछि २०६१ सालदेखि यहाँ (चौमाला) मा बसोबास गरेका हौं । भूमि अधिकार मञ्चमा सङ्गठित भई आन्दोलन गर्न थालेपछि अहिलेसम्म बस्ती उठाउन सकेका छैनन् । परिवारमा २ छोरा र श्रीमान् छन् । श्रीमान् भारतमा मजदूरी गर्नुहुन्छ ।

**शिविरमा बस्नेहरूको अवस्था कस्तो छ ?**

गिटी कुट्न सके खान पाइयो नत्र भोकै । मजदूरीबाहेक केही छैन । पुरुषहरू भारत जान्छन् । सानोतिनो तरकारी खेती गर्ने जमिन पनि खोसी सरकारले मुक्त कमैयालाई वितरण गर्‍यो । ८४ परिवारसँग कसैको पनि जमिन छैन । बसोबास मात्रै छ । वर्षातमा बाढीको डर हुन्छ । कति ठाउँ त बाढीले कटान पनि गरिसक्यो ।

**मञ्चमा कसरी सङ्गठित हुनुभयो ?**

भूमि अभियानकर्मीहरू हाम्रो शिविरमा आई जमिन, सुरक्षित घरबासका लागि छलफल चलाउनुभयो, सङ्गठितरूपमा आन्दोलन गर्नुपर्छ भन्ने कुरा बुझाउनुभयो । त्यसपछि हामी गाउँ भूमि अधिकार मञ्च गठन गरी आन्दोलनमा सङ्गठित भयौं । 'भूमि' को अधिकार र यसको उपभोग गर्नु पाउनुपर्छ भन्ने बुझ्यौं । अरुसँग कुराकानी गर्ने, छलफल गर्न र अधिकारका लागि आवाज उठाउन सक्ने भयौं । हरेक महिना बैठक बस्छौं भूमि अधिकार अभियानबारे छलफल गर्छौं र आन्दोलन कोष पनि सङ्कलन गर्छौं । अधिकार कसरी लिने, बाँझो जमिनलाई कसरी उपयोगमा ल्याउने, आन्दोलन कोषको महत्व, सदस्यताबारे छलफल गर्छौं ।

**मञ्चको अगुवाको हैसियतले के गर्नुभयो ?**

वर्षौंदेखि नागरिकता बनाउन नसकेर बसेका ४ जना सदस्यले नागरिकता बनायौं । सबै बालबालिकालाई विद्यालय पठाएका छौं । अधिकारका लागि सङ्घर्ष गर्ने सिप र क्षमता बढेको छ ।

वन कार्यालयका अधिकृत र सामुदायिक वन समितिका पदाधिकारीहरू बस्तीमा आएर धम्क्याए । वरपरको जमिनमा केही नगर्न भने । हामी विरोधमा उत्रियौं । उनीहरू पछि हटे । वन कार्यालयले वनले छुट्याएको क्षेत्रभन्दा अन्त कोही बसे कार्बाही गर्ने भन्दै मसहित ५ अगुवाको सहीछाप गराएर लगेका छन् । पम्प जडान गरी खानेपानीको व्यवस्था मिलायौं । गाउँमा आई हो–हल्ला गर्ने, जथाभावी बोल्ने, वन तस्कर गर्नेहरूलाई समातेर प्रहरीमा बुझाएपछि अहिले वल्लो-पल्लो गाउँमा पनि सुकुम्बासीप्रति विश्वास बढ्दै गएको छ ।

२०७० चैत २५ गते वन कार्यालयबाट बस्ती उठिबास गर्ने ३ दिनको अल्टिमेटम दिइयो । वन क्षेत्रमा बस्न पाइँदैन भनियो । लगत्तै जिल्लामा गयौं र नारा जुलुससहित प्रशासनमा पुग्यौं । त्यसपछि जिल्ला प्रशासनमा बस्ती नउठाउने सहमति गरायौं । अहिले त्यस्तो भएको छैन तर सचेत हुनुपर्नेचाहिँ छ । स्थानीय राजनीतिक दल र गाविस सचिवसँग धेरै नै सङ्घर्ष गरी गाविसबाट ७० परिवारले बसोबास आधार प्रमाणपत्र लियौं । कञ्चनपुर–कैलालीको ११ दिने पैदल यात्रा सफलतापूर्वक गर्न सफल भयौं । २०६७ सालमा काठमाडौंमा भएको धर्नामा दुना, टपरी, चामल, तरकारी उठाएर सहभागी भयौं । गाविसबाट २ वर्षसम्म बजेट लिई गाउँमा खानेपानीको समस्या टारेका छौं । ३ वर्षदेखि लगातार गाउँ मञ्चलाई गाविस परिषद्बाट बजेट लिन सफल भएका छौं । गाविसकै बजेटबाट सङ्गठनमा चक्र कोषको सुरुवात गरी आयआर्जनका लागि बङ्गुर पालन सुरु गरेका छौं । अहिले ३० वटा बङ्गुर छन् । सदस्यहरूले बङ्गुर पालन गर्ने र पाठा जन्मनेबित्तिकै अर्को सदस्यहरूलाई दिनुपर्ने नियम बनाएका छौं । कसैले थाहा नदिई बेच्यो वा काटेर खायो भने सङ्गठनको बैठक बसी दोब्बर जरिवाना गराउने नियम पनि बनाएका छौं ।

**गाउँ मञ्चको आगामी योजना के छन् ?**

हामी सुरक्षित बसोबास र उत्पादन गरी खाने जमिनको माग सरकारसँग गरिरहेका छौं । बस्ती नजिकै कालिका सामुदायिक वन छ । वनको उपयोग र संरक्षण गर्ने रहर हामीलाई पनि छ । तर हाम्रो बस्तीलाई उपभोगको अधिकारबाट वञ्चित गरिएको छ । पहिलो अभियान सामुदायिक वनको उपभोग गर्नेतर्फ गनुर्पर्नेछ । इलाका वन कार्यालय र सामुदायिक वनका पदाधिकारीहरूसँग छलफल भइरहेको छ ।

अधिकार त सहज तरिकाले कसैले देलाजस्तो लागेन । हामी जति भोकै बस्नुपरेनि, जति नाङ्गो भए पनि आन्दोलन छाड्दैनौं । धेरै दुःख पायौं तर हाम्रा छोराछोरीले त्यस्तो दुःख भोग्नु नपरोस् भनेर आन्दोलनमा लागेका हौं । र, जबसम्म हाम्रो माग सरकारले सुन्दैन, तबसम्म लागिरहने हाम्रो मुख्य योजना हो ।

आन्दोलनमा सङ्गठित भएको १० वर्ष भयो । आन्दोलन पुगेको छैन । सशक्तरूपमा आन्दोलन अघि बढ्नुपर्छ । सरकारलाई दबाब दिन पुगेका छैन । आन्दोलन गरिसकेपछि ढिला चाँडो अधिकार लिएरै छाड्नुपर्छ । हरेस खानुहुन्न । जबसम्म राज्यलाई गरिबको शक्ति र ताकत महसुस हुँदैन तबसम्म अधिकार पाउन पनि गाह्रो छ । यसकारण सबै भूमिहीन, भूमि अधिकारबाट वञ्चितहरू सक्रियरूपमा यो आन्दोलनमा सङ्गठित हुनुपर्छ । ●

# सशक्त आन्दोलन हुनुपर्छ



**–जुन भिरोला,** फिलिपिन्स, एसियाली किसान सङ्गठन

फिलिपिन्सका भिरोला एसियाली किसान सङ्गठनमा किसानको अधिकारलाई लिएर वकालतको काममा संलग्न छन् । उनी फिलिपिन्समा किसानहरूको भूमि तथा कृषि अधिकार अभियानलाई सघाइरहेका छन् । मार्च २५ मा काठमाडौं आएका भिरोलासँग गरिएको कुराकानीको अंश :

**एसियाली किसान सङ्गठनबारे बताइदिनुहोस् न ।**

एसियाली किसान सङ्गठन एसियाका विभिन्न राष्ट्रियस्तरका किसान सङ्गठनहरूको क्षेत्रीय सङ्गठन हो । सन् २००२ मा स्थापना भएको यस सङ्गठनमा १२ मुलुक (फिलिपिन्स, इन्डोनेसिया, कम्बोडिया, जापान, थाइल्यान्ड, ताइवान, कोरिया, मङ्गोलिया, किर्जिकिस्तान, नेपाल, बङ्गलादेश र म्यान्मार) का १५ वटा किसान सङ्गठन आबद्ध छन् । यसले भूमि अधिकार, दिगो कृषि, कृषिमा युवाहरूको संलग्नता, क्षेत्रीय नीति आदिका विषयमा वकालत र क्षमता अभिवृद्धिको काम गर्ने गर्छ । यसले सरकारसँग समन्वय गरी नीति व्यवस्थापन र कार्यान्वयनमा सहयोग पुऱ्याउनुका साथै साना किसानहरूको क्षमता अभिवृद्धि क्षेत्रमा योगदान पुऱ्याउँदै आइरहेको छ ।

**एसियाली किसान सङ्गठनको आवश्यकता किन भयो ?**

किसान सङ्गठनको स्थापनाभन्दा पहिले विभिन्न देशको भम्रण गरी किसानहरूको समस्या तथा उनीहरूले गरिरहेको सङ्घर्षबारे बुझ्यौं । एसिया क्षेत्रका भूमि सवाल, किसानका समस्या र समग्र कृषिजन्य समस्याहरू देखेपछि एसियाली किसान सङ्गठनको आवश्यकता ठान्यौं । एसियाली मुलुकहरूमा भूमिहीनता, साना किसान, कम आम्दानी तथा आयस्रोत भएका किसान, उत्पादित वस्तुको बजारीकरणको अभाव र उचित व्यावसायिक नीतिको कमी जस्ता समस्या छन् ।

**फिलिपिन्समा किसानको पक्षमा के कस्ता काम भएका छन् ?**

नेपालमा भूमि अधिकार मञ्च जस्तै फिलिपिन्समा पाकिसामा नामको किसान सङ्गठन छ । यसमा साना किसान सङ्गठित छन् । यसले मुख्यरूपमा भूमि सुधारको मुद्दा उठाएको छ । त्यसको अलावा किसानहरूको सङ्गठनको क्षमता विकास, सामुदायिक तहमा भूमि सुधारका केही अभ्यास पनि गरिरहेका छौं । यहाँ पनि भूमिमा वर्षौंदेखि जोतभोग गरिरहेका किसान सङ्गठित छन् । उनीहरू आफूले जोतभोग गरिरहेको जमिनको स्वामित्वको लडाइँमा छन् । यस्ता किसानलाई हामी सघाइरहेका छौं ।

फिलिपिन्समा पनि भूमि सुधारको कानुन त छ तर कानुन कार्यान्वयन भएको छैन । यहाँको सरकारी निकाय भूमि सुधारको कानुन कार्यान्वयन गर्न चाहँदैनन् । सरकारी ढिलासुस्तीका कारण जनताको समस्या झन पछाडि पर्ने भएकाले जनता सङ्गठित भई स्वामित्वको लडाइँ लडिरहेका छन् ।

**नेपाल भ्रमणबाट के सिक्नुभयो ?**

नेपालमा कृषि उत्पादनमा योगदान पुऱ्याउने अधिकांश किसान साना किसान रहेको र उनीहरूको जमिनमा स्वामित्व नरहेको अवस्था पाएँ । जति पनि भूमिहीन तथा साना किसानहरूसँग छलफल गरियो, उनीहरू आफ्नो अधिकार लिनका लागि जस्तोसुकै सङ्घर्ष गर्न पनि तयार छन् । किसानमा धैर्य गर्न सक्ने आँट पनि देखियो । यहाँ जति पनि आन्दोलन उठ्छन्, ती आन्दोलन, जसको सवाल उसैको अगुवाइमा उठ्ने रहेछ । त्यो बलियो पनि हुने रहेछ । यस्तो आन्दोलनमा आवश्यक पर्ने सामग्रीहरू पनि किसानहरू आफैँले जुटाउने रहेछन् । यो ज्यादै सिक्नलायक कुरा छ । प्रायःजसो किसानले भूमि अधिकार आन्दोलनमार्फत अधिकार पनि लिइसकेका रहेछन् ।

**किसानको आन्दोलनप्रति यहाँको केही सुझाव छ कि ?**


किसान अन्न उत्पादन गर्छन् । त्यही अन्न सरकारी निकाय तथा निर्णायक तहमा बसेकाहरूले खान्छन् तर उत्पादन गर्ने वर्ग किसानको अधिकारका लागि केही गरिदिँदैनन् । लामो समयदेखि किसानले समस्या भोगे । अब किसानलाई बढी दुःख दिनुहुन्न । किसानको पीडा सम्बन्धित निकायले सुनिदिनुपर्छ । सरकारले सुन्नेगरी आन्दोलन उठाउन मेरो सुझाव छ । तर फिल्ड भ्रमण र काठमाडौंमा मार्च ३ र ४ मा भएको 'भूमि तथा कृषि सवाल र समाधान' विषयक कार्यशालामा रहँदा नेपालका किसानको आन्दोलन धेरै उचाइमा पुगिसकेको पाएँ । यसलाई निरन्तररूपमा अघि बढाई अधिकार लिएरै छाड्नुपर्छ ।

बेला र समयअनुसार व्यवस्था पनि परिवर्तन भइरहने हुँदा आन्दोलनमा सघाइरहेका संस्थाहरूले पनि किसानहरूको क्षमता विकासका लागि पनि निरन्तर सहयोग पुऱ्याइरहनुपर्छ । यसो गरिएन भने आन्दोलनमा लागेका किसान पलाएन हुने सम्भावना बढ्छ । किसानको आन्दोलन सशक्त तर शान्तिपूर्ण र अहिंसात्मक हुनुपर्छ । ●

# बिर्ता

## गणतन्त्रको कालो दाग

२०१६ सालमा बिर्ता उन्मूलन घोषणा भएको ५५ वर्ष बितिसक्यो । नुवाकोट र रसुवा जिल्लामा भने अझै किसानले पुस्तौंदेखि जोतखन गरेको जमिनको कानुनी स्वामित्व बिर्तावालकै छ । नुवाकोटमा १५ सय परिवारले जोतभोग गरेको करिव ४,९५७ रोपनी र रसुवामा ७ सय १८ परिवारले जोतभोग गरेको करिव १,४६९ रोपनी जमिन बिर्ताको रूपमा छ । तत्कालीन राजा पृथ्वीनारायण शाहले १८०१ मा नुवाकोट जितेपछि आफूसँग गएका नातेदार, पुरोहित र लडाइँमा समेत सहयोग पुऱ्याएका सहयोगीलाई बिर्ता बाँडेका रहेछन् । जस-जसले बिर्ता पाए, पछि तिनीहरू कहिल्यै जमिनमा खेती गर्न गएनन् । तर त्यसको आयस्था भने गाउँका ठूलाबडा, मुखिया, द्वारेहरूले किसानबाट सङ्कलन गरी बिर्तावालालाई काठमाडौँसम्म पुऱ्याउँथे । जमिन बिर्ताको रूपमा भए पनि ती जमिन किसान आफैंले जोतखन गरेको, बिराएको, पाखोलाई सम्याएर खेती गरेको, ढुङ्गा पल्टाएर खेतबारी बनाएका थिए । आफ्नै जमिनको पनि किसानले बिर्तावालालाई कुतको रूपमा चारदाम ठेकी, दही, घ्यु, केरा, चामल, खसी, बोका, पैसा र मीठामीठा तरकारी बुझाउनुपर्थ्यो । यस्तो कुचलन ०४५



**जसमान तामाङ**
गोर्स्याङ– ८, गोर्स्याङ

बिर्ता जग्गाको स्वामित्वका लागि भूमि अधिकार मञ्चमार्फत आन्दोलनमा सङ्गठित भएका छौं । पहिले तालुकदारको नाति हुँ । बिर्तावाला वीरजङ्ग शाह गाउँमा आउँदा मैले पाल्नुपर्ने चलन थियो । जाँदा-आउँदा बोका काटेर खुवाउनुपर्थ्यो । त्यो काम मैले २०१६ सम्म गरेँ । मेरो घरमा बिर्तावाला आएर बस्थ्यो, मैले ७ वटा वडाका बिर्ता जग्गा कमाउने किसानलाई जम्मा गर्नुपर्थ्यो । धेरै सेवा गर्नुपऱ्यो । म पनि बिर्तापीडित किसान हुँ । २५ रोपनी जमिन बिर्तावालाको नाममा छ ।

मेरो वडामा मात्रै ७० परिवार बिर्तापीडित किसान छन् । हामीले कुतवापत घीउ, बोका, खसी, तरकारी, कुखुरा उठाएर बुझाउनुपर्थ्यो । 'मैले किसानसँग केही छैन सरकार', भन्दा धेरै रिसाउँथ्यो । त्यतिबेला आफूसँग नहुँदा पनि १२ रूपियाँमा बोका किनेर मालिकलाई खुवाउनुपरेको सम्झना छ ।

पछि कुरा बुझ्दै जाँदा हामी किसानमाथि अन्याय भएको छ भन्ने थाहा पायौं । मैले नै बिर्तावालालाई गाउँमा आउन नदिएको हो । बिर्तावाला काठमाडौँमा वसन्तपुरमा बस्थे । मैले उसलाई गाउँ आउन नदिएपछि मोहियानी हक कायम भएको अस्थायी पुर्जामा समेत रातो गोलो चिह्न लगाइदिएछ । मेरो त हक नै खोसिदियो । वीरजङ्ग मालिकले मलाई धेरै दुःख दिएको छ । १६ वर्षको उमेरदेखि तालुकदारका रूपमा काममा खटायो तर जोतिरहेको जमिनको हकसमेत खोसिदियो । गाउँमा नापी टोली आउँदा टाठाबाठाले यो जग्गा त पूर्णजङ्ग शाह, वीरजङ्ग शाहको हो, उनीहरूकै नाम लेखिनुपर्छ भनेर हाम्रो हक खोसिदिए । किसानहरू सबै मिली आन्दोलन उठाएर आफ्नो जमिन हक लिनैपर्छ भनी हामी भूमि अधिकार मञ्चमा सङ्गठित भई आन्दोलनमा लागेका छौं ।


सालसम्म रहेको किसान बताउँछन् । किसानले जब आफूमाथि अन्याय भएको महसुस गरे, त्यसपछि कुत तिर्न छाडेका थिए । २०३६ सालमा नापी हुँदा बिर्ता जग्गा जोतभोग गरिरहेका किसानको स्वामित्वमा दर्ता हुन सकेन । नापी हुँदा जग्गाधनीको महलमा बिर्तावालाको नाम र कैफियतमा मोही जनाई जोतभोग गरिरहेका किसानमाथि ठूलो अन्याय गरियो । द्वैध स्वामित्वको जग्गालाई समेत मालपोत कार्यालयले एकलौटीरूपमा बिर्तावालाको नाममा पास गरिदियो । यो क्रम २०६३ सम्म चलेको मालपोत कार्यालयको रेकर्डले देखाउँछ ।

२०१६ सालमै उन्मूलन भएको बिर्ता अझै छ । आफूले जोतभोग गरेको जमिन बिर्ता भएकै कारण सयौं किसान समस्यामा छन् । यस्ता किसान सबै साना किसान हुन् । उनीहरूलाई आफूसँग भएको जमिनले खान पुग्दैन । कतिपय किसानको खेतबारी मात्रै होइन, घरबाससमेत बिर्ता जग्गामा पर्छ । बिर्ता जग्गा बेचिदिने, बैंकमा धितो राखी ऋण लिएर लिलाममा पार्ने, भू–माफियासँग मिलेर जग्गा बेच्न वा महँगोमा किन्न दबाब दिने आदि समस्या बढ्दै गएकाले रसुवामा २०६३ सालदेखि र नुवाकोटमा २०६८ सालदेखि सङ्गठितरूपमा किसानको आन्दोलन उठिरहेको छ । न्यायका आधारमा २०३६ सालमा किसानको नाममा नापिनुपर्ने जग्गा किसानलाई धम्काएर बिर्तावालाको नाममा नापी गरियो । नापी गर्दा पुस्तौंदेखि जमिन जोतिरहेका र मोही जनिएका किसानलाई समेत खबर गरिएन । किसानमाथि अन्याय भयो । त्यसैले किसानले बिर्ता जग्गाको स्वामित्वको लडाइँ लडिरहेका छन् ।

सरकारी प्रतिबद्धताको कमीका कारण जनता अहिलेसम्म अधिकारबाट वञ्चित छन् । समय बदलियो, शक्ति बदलियो, व्यवस्था बदलियो तर त्यतिबेलादेखि बिर्ता रहेको जमिन अहिलेसम्म जोतभोग गर्ने किसानले पाउने व्यवस्था बदलिएन । बिर्ता जग्गाको स्वामित्वको माग गर्दै किसान लामो समयदेखि सङ्घर्षरत् छन् । सरकारले किसानको माग नसुनिदिँदा उनीहरू यो समस्याबाट मुक्त हुन सकेका छैनन् । किसानहरू बिर्ता जग्गाको स्वामित्व (लालपुर्जा) माग गर्दै, कहिले जिल्ला प्रशासन कार्यालय, कहिले मालपोत कार्यालय, कहिले भूमि सुधार मन्त्रीसम्म डेलिगेसन पुगेका छन् ।

बिर्ता समस्या समाधान गरी किसानलाई उनीहरूको जग्गाको अधिकार दिई यस्तो समस्या नै निर्मूल पार्नु जरुरी छ । सधैं खेतीपातीमा निर्भर किसानहरूलाई आन्दोलनमा उत्रनुपर्ने वातावरण होइन, किसानलाई उनीहरूले पुस्तौंदेखि जोतखन गर्दै आएको जमिनको स-सम्मान स्वामित्व (लालपुर्जा) दिइनु आवश्यक छ । यसका लागि किसानले उत्पादन गरेको अन्न खाएर बाँचेका सबै राजनीतिक दल, बुद्धिजीवी, सरोकारवाला निकाय, नागरिक समाजले राज्यको ध्यानाकर्षण गरी किसानको अधिकार प्राप्तिको आन्दोलनमा सघाउन जरुरी छ । ●

## कुत बोकेर काठमाडौंसम्म गएँ



**भवनाथ पौडेल,** भोर्ले-९ भदौरे, रसुवा

८३ वर्षको भएँ । बिर्ता जग्गा कमाएको तीन पुस्ता बित्यो । सुरुका बिर्तावाला विशम्बर 'मालिक' थिए । मालिकले पछि जग्गा भीमबहादुर थापालाई बेचेपछि मालिक फेरियो । भीमबहादुर मालिक गाउँमा आउँदा 'म तिमीहरूलाई जग्गा पास गरिदिन्छु' भन्थ्यो अहिलेसम्म पाएनौं । २०२३ सालपछि तिरो उठाउन पनि आएनन् । बिर्ता लिंदा एक रूपियाँ दाम 'क्षेदी' राखेर चलाने गरियो । चार किल्ला ठोकेर चलाने गरेपछि भोगचलन गर्न पाउने थियो । बिर्तावालाको आदेशमा पाखो लिएर हजुरबाले बारी बनाउनुभयो । भोगटे घारी, ऐसेंलु घारी, फाँडेर जमिन बनाएका थिए रे, हजुरबाले । मसँग अहिले पनि बिर्ताको रूपमा ७ रोपनी पाखोबारी र ५ रोपनी खेत छ ।

नुवाकोटको लडाइँमा जस-जसले सहयोग गरे तिनीहरूले पृथ्वीनारायण शाहबाट बिर्ता पाए । सहयोग नगर्नेलाई त लखेटियो रे । यसरी राजाको आदेशमा जग्गा जति सबै बिर्ता भए । किसानहरू त्यही भिर पाखा, ऐसलु घारी फाँडेर बसोबास गरे । पछि जमिनको स्वामित्वको महत्व बुझेरमात्र लालपुर्जा खोज्न थालिएको हो । कतै धरौटी राख्नुपरे पनि पुर्जा छैन भनेर दिँदैनन् । समस्या परेको छ । नापीको बेला मालपोतमा गएर जग्गा दर्ता गर्न खोज्दा धम्की आयो । बिर्ता जग्गा आफ्नो नाममा दर्ता गरे जेल जानुपर्छ भन्ने हल्ला चलाइयो । यसरी नापीको बेला पनि बिर्ता जग्गा बिर्तावालाकै नाममा नापियो । म २०२३ सालसम्म कुत बुझाउन काठमाडौं बिर्तावालाको घरसम्म जान्थेँ । गङ्गाकुमारी थापा, भगवती थापा र विशम्बर थापासम्मलाई कुत बोकेर लगेर बुझाएँ । त्यतिबेला गाडी थिएन । हप्तौं लगाएर धान कुटेर चामल बनाएर काठमाडौंसम्म बोकेर लगेर बुझाउनुपर्थ्यो । चाडपर्वपिच्छे फरक चिज लानुपर्थ्यो । तीज, साउने सङ्क्रान्ति, दशैं, तिहार र माघे सङ्क्रान्ति आउनेबित्तिकै एकघरी केरा, दही, चामल, कुराउने, घीउ, खसी, बोका, पैसासमेत बोकेर लगेर बुझाएँ । तरकारीमा तरुल, घिरौलो, बोडी, मेवा, कर्कलो, काँक्रो, माससमेत सिजनअनुसारको लानुपर्थ्यो । यसरी तिरो नपुऱ्याए, गाउँका द्वारे, जिम्वलले गाली गर्थे ।

कसैले बाली नतिरे 'पजनी' (बेदखल) गरिदिन्थे । मेरो काकाले कुत नतिर्दा पजनी गरियो । पुर्खौंदेखि जोतभोग गर्दै आएको जमिनको 'पुर्जा लेऊ' भन्दा मालपोतले दिँदैन । अनि मालपोत घेराउ नगरे के गर्ने त ? आफूसँग जमिनको पुर्जा भयो भने घर/व्यवहार चलाउन समस्या पऱ्यो, छोराछोरी पढाउनुपऱ्यो भने धितो बन्धकी राख्न पाइन्छ । त्यही पुर्जा खोजेको हो । भव्यतव्य परेर बसाइँ सर्नुपऱ्यो भने पनि नमिल्ने कस्तो विडम्बना । हाम्रो पालामा बसिरहेको र जोतिरहेको जमिनको पुर्जा पाउन सक्यौं भने भोलि छोरा नातिले दुःख नपाउलान् भनेर पनि हामी आन्दोलनमा सङ्गठित भएका हौं ।

# किसानद्वारा मालपोत धर्ना




पुस्तौंदेखि बिर्ता तथा गुठी समस्या भोगिरहेका किसानहरू जेठ ४ गतेदेखि नुवाकोट र रसुवा दुवै जिल्लाको मालपोत कार्यालयमा धर्ना बसे । गाउँ-गाउँबाट मालपोत धर्नामा सहभागी भएका किसानले आफैँले दाल, चामल, दाउरा, भाडाँकुडासमेत बोकेर ल्याई धर्नास्थलमा नै खाना बनाएर खाने र त्यहीं सुत्ने गरेका थिए । उनीहरूले दैनिकरूपमा र्‍याली, जुलुस, नारा, भूमि नहुँदाको पीडा, लालपुर्जा नहुँदा भोग्नुपरेको समस्या कथा, कविता, भाषण, गीत, भजनद्वारा आदान–प्रदान गरे ।

धर्नाले दुवै जिल्लाको मालपोत कार्यालयको दैनिक काम ठप्प पारेको थियो । दुवै जिल्लाका स्थानीय राजनीतिक दलका नेताहरूले धर्नाप्रति ऐक्यबद्धता जनाए । सरकारसँग भएको सहमतिपछि जेठ ९ गते धर्ना स्थगन भएको छ । किसानहरू निरन्तर धर्ना बसेपछि राष्ट्रिय भूमि अधिकार मञ्च र नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयबीच जेठ ९ मा निम्न सहमति भएपछि किसानहरूले धर्ना स्थगन गरेका छन् :

१. नुवाकोट र रसुवा जिल्लाको बिर्ता जग्गाको दर्ता सम्बन्धमा देखिएका समस्या समाधानका लागि अध्ययन र छानविन गर्न मन्त्रालयबाट टोली खटाई पठाउने र त्यस्तो छानबिन कार्य सम्पन्न नहुन्जेलसम्म छानबिनलाई प्रतिकूल प्रभाव पार्नेगरी कुनै क्रियाकलाप कसैबाट हुन नदिने व्यवस्था मिलाउन सम्बन्धित मालपोत कार्यालयलाई मन्त्रालयले निर्देशन दिने ।

२. नुवाकोट र रसुवा जिल्लालगायत्का बिर्ता जग्गाका प्रकृतिलाई समेतलाई समेट्ने गरी बिर्ता उन्मूलन ऐन, २०१६ मा संशोधन प्रस्ताव गरी बिर्ता जग्गा दर्तासम्बन्धी समस्या सम्बोधन गर्ने व्यवस्था मिलाउने । ऐन संशोधन मस्यौदा तयार गर्दा राष्ट्रिय भूमि अधिकार मञ्चलगायत्का सरोकारवाला प्रतिनिधिसमेतसँग परामर्श गर्ने ।

३. सिन्धुपाल्चोक, पाल्पा, नुवाकोट र रसुवा जिल्लाको हाकु गाविसलगायत्का विभिन्न जिल्लामा रहेका विभिन्न किसिमका गुठी जग्गाका खासखास प्रकृतिका समस्या

समाधानका लागि मन्त्रालयले एक अध्ययन टोली गठन गरी समस्या समाधानका लागि पहल गर्ने र रसुवा जिल्लाको हाकु गाविसबाट यो अध्ययन र छानबिन सुरु गर्ने ।

४. सम्मानित सर्वोच्च अदालतबाट भएको गुठी रैतानी नहुनेसम्बन्धी निर्णयलाई पुनरावलोकन गर्नका लागि राष्ट्रिय भूमि अधिकार मञ्चले निवेदन दिनेलगायत्का आवश्यक पहल गर्ने ।

भूमि सुधार तथा व्यवस्था मन्त्रालयका तर्फबाट संयोजक कृष्णराज बिसी, सदस्यहरूमा लक्ष्मीप्रसाद गौतम र पद्मनिधि सोती र राष्ट्रिय भूमि अधिकार मञ्चका तर्फबाट महासचिव ल्यामबहादुर दर्जी, भूमि अधिकारकर्मी जगत देउजा र जिल्ला मञ्च रसुवाका पूर्वअध्यक्ष भवानीप्रसाद न्यौपानेबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ । वार्तामा भूमि सुधार तथा व्यवस्था मन्त्री दलबहादुर राना, रसुवाका सभासद्हरू छोवाङतेन्जिन तामाङ र जनार्दन ढकाल, राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारी र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेत पनि सहभागी हुनुहुन्थ्यो ।

किसानहरूले आयोजना गरेको मालपोत धर्ना कार्यक्रमलाई स्थानीय तथा राष्ट्रिय स्तरका मिडियाहरूले प्रचार–प्रसारमा सहयोग गरे । यसले किसानहरूको माग सरोकारवालासम्म पुग्न मद्दत गर्‍यो । मालपोत कार्यालय नुवाकोटमा धर्नामा बसेका किसानमाथि स्थानीय प्रशासनबाट धरपकड भएको थियो । यसबाट कार्यालय सचिव कल्पना न्यौपानेसहित ७ जना गम्भीर घाइते भए । ३७ जना सामान्य घाइते भए । समाचार सङ्कलन गरिरहेका रेडियो त्रिशूलीका पत्रकार रामहरि न्यौपाने पनि घाइते भएका थिए भने उनको क्यामेरासमेत प्रहरीबाट फुटाइएको थियो । घटनाको विरोधमा नुवाकोटका पत्रकारले प्रेस विज्ञप्ति जारी गरी प्रहरी निरीक्षक ऋषिकुमार ढुङ्गानालाई कार्बाहीको माग



गरेका छन् । घटनालगत्तै राजनीतिक दलका नेता तथा पत्रकारहरू जिल्ला प्रशासन पुगेर किसानहरूमाथि गरिएको दमनको विषयमा जानकारी लिए । लाठीचार्जका लागि कुनै पनि निर्देशन नदिएको प्रहरी नायव उपरीक्षक विपिन कर्माचार्य र सहायक प्रमुख जिल्ला अधिकारी तीर्थबहादुर अधिकारीले जानकारी दिएका थिए ।

नुवाकोटको धर्ना कार्यक्रममा सहभागी भएका किसानबाट चामल ५ क्विन्टल, आलु २ क्विन्टल, तरकारी १ क्विन्टल र दाउरा ३५ भारी सङ्कलन भएको थियो । खानेपानी र शौचालय प्रयोग गर्न जिल्ला अदालतले सहयोग गरेको थियो । नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाबाट १५ थान कम्बल सहयोग प्राप्त भयो । धर्ना अवधिभर भैरबी खाजा घरले निःशुल्क बिजुली बत्ति सहयोग गरेको थियो ।

रसुवाको धर्नामा सहभागी भएका किसानबाट चामल ४ क्विन्टल र तरकारी २ क्विन्टल जम्मा भयो । त्यस्तैसभासद् छोवाङ्तेन्जिन तामाङबाट १३ थान ओढ्ने–ओछ्याउने, ५ केजी दालमोठ र २५ केजी चिउरा, हिमालयज् मिनरल स्प्रिङ्ग वाटर कम्पनीबाट २०० वटा खाली बोतल, २५ केजी चिउरा र ४ केजी दालमोठ, रसुवा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कैसाङनुर्पु तामाङले १३२ प्याकेट बिस्कुट र सोही बराबर फ्रुटी, नेपाल कृषि वन प्रतिष्ठानबाट ८ थान ओड्ने–ओछ्याउने, नागरिक समाजका अध्यक्ष बाबुलाल तामाङबाट १ थान त्रिपाल, महिला अधिकारकर्मी रितुपेमा तामाङबाट १३० वटा पाउरोटी, रेडियो रसुवाका स्टेसन म्यानेजर दीपक लामाबाट १८० वटा फ्रुटी, हाकु गाविसका निमादिण्डुप तामाङबाट १ केजी चिनी, २ प्याकेट ट्याङ्क जुस, १० केजी चिउरा, २ केजी दालमोठ १ लि. तेल, २ केजी गोलभेडा र २ केजी मस्यौरा, हाकु गाविस-२ का तेम्बादर्की तामाङबाट ५ केजी मुसुराको दाल सहयोग प्राप्त भयो । जिल्ला स्वास्थ्य कार्यालयबाट पनि धर्ना बसेका किसानको स्वास्थ्य जाँच गरी औषधीहरू उपलब्ध भयो ।

सबैको सहयोग र ऐक्यबद्धताले आन्दोलन सफल हुन मद्दत पुग्यो । सरकारले किसानको माग पूरा गर्ने वाचा गरेपछि किसानहरूले मालपोतमा दिँदै आएको धर्ना टुङ्गिएको छ । ●

*(सुष्मा न्यौपाने र कल्पना न्यौपानेको सहयोगमा तयार पारिएको)*

# अभ्यास : सामुदायिक भूमि सुधारको

" यस अभ्यासनमा समुदाय तहका भूमिहीन, साना किसान र कृषि श्रमिकको उल्लेख्य सहभागिता हुन्छ । भूमि तथा कृषि सुधारका असली कर्ताहरु स्वयम् भूमि अधिकारबाट वञ्चित र किसान नै हुन् ।

समुदायकै अगुवाइमा आ-आफ्नो क्षेत्रको भूमि स्रोतको पहिचान गरी सोको संरक्षण र गरिब समुदायले उपयोग गर्न सक्ने अवस्था भएमा खाद्य सुरक्षा बढ्ने निश्चित छ । यसले गरिबी घटाउन र आत्मनिर्भर बन्न पनि मद्दत गर्छ । भूमिका ज्वलन्त समस्याबाट प्रभावित ग्रामीण समुदायले भूमिको वास्तविक परिवेश पहिल्याइ योजनाबद्धरूपमा अभ्यास गर्न सके भने त्यसले सफलता पाउँछ । यसले भूमि सुधारको सफल अभ्यास त हुन्छ नै, उनीहरूको ज्ञान बढ्ने हुँदा किसानको हैसियत र पहिचान बढाउँछ । समुदायलाई भूमिको संरक्षण र दिगो उपयोगमा जिम्मेवार बनाउन सकिन्छ । किसान समुदायसँग नै भूमिको अवस्था, उत्पादकत्व एवम् भूमि व्यवस्थापनमा गहिरो अनुभव र सिप हुन्छ । भूमि स्रोतको पहुँच र उपयोगका सवालमा समुदाय र स्थानीय निकायको भूमिका बढाई भूमि अधिकारबाट वञ्चितको भूमि स्रोतमा पहुँच बढाई जीविका र खाद्य सुरक्षा सुनिश्चित गर्न सहज हुन्छ । यसबाट खेर गइरहेको अथाह भूमि स्रोतको सदुपयोग र



आत्मनिर्भर गाउँ निर्माणमा योगदान पुऱ्याउन सकिन्छ ।

सामुदायिक भूमि तथा कृषि सुधार समुदाय, स्थानीय निकाय, सरकारी कार्यालय, राजनीतिक दल र नागरिक समूह एवम् संस्थाहरू मिलेर सहभागीमूलकतवरले स्थानीय तहमै लिइने पहल हो । यसमा सबै मिली भूमि तथा कृषि परिवेशको विश्लेषण गर्छन् । परिवेशले ल्याएका समस्याको विकल्पमा छलफल र सहमति गर्छन् र समाधानका लागि व्यावहारिक योजना बनाई कार्यान्वयनका लागि अभ्यास गर्छन् ।

गाउँको भूमि र कृषि सुधारको अवस्था कस्तो छ ? बाँझो र खेर गइरहेको जमिनलाई कसरी उपयोगमा ल्याउने ? सार्वजनिक जग्गाको संरक्षण कसरी गर्ने ? कुन जग्गामा कस्तो खेती गर्ने ? आफैं खेती गर्न नसक्ने जग्गालाई कसरी व्यवस्थापन गर्ने ? अनुत्पादक जमिनलाई कसरी उत्पादक बनाउने ? आदि विषयको छलफल र त्यसको समाधानका लागि सोही समुदायका किसान, स्थानीय निकायको अगुवाइमा गरिने अभ्यास नै सामुदायिक भूमि तथा कृषि सुधार अभ्यास हो ।

यस अभ्यासनमा समुदाय तहका भूमिहीन, साना किसान र कृषि श्रमिकको उल्लेख्य सहभागिता हुन्छ । भूमि तथा कृषि सुधारका असली कर्ताहरू स्वयम् भूमि अधिकारबाट वञ्चित र किसान नै हुन् ।

भूमि तथा कृषि सम्बन्धमा सही निर्णय लिन सक्ने व्यक्तिहरू भनेकै स्थानीय समुदायका सदस्यहरू हुन् । सामुदायिक भूमि सुधार अभ्यासमा समुदाय तहका भूमि र कृषिमा जीविका चलाइरहेका समुदायको अगुवाईमा हुने कार्य हो । यसमा सम्बन्धित सरकारी कार्यालय, राजनीतिक दल र अन्य सरोकारवालाको सहभागिता र सहयोग आवश्यक रहन्छ ।

भौगोलिक र साँस्कृतिक विविधता भएको मुलुकमा समुदायको परिवेशमा आधारित भूमि र कृषि सुधारको अभ्यास नै बढी व्यावहारिक हुन्छ । गाउँ, टोल, वडा र गाविसको भूमिलगायत्का प्राकृतिक स्रोतको अवस्था के छ ? ती स्रोतमा क-कसको जीविका अडेको छ ? र, यसलाई उपयोगमा कसरी ल्याउन सकिन्छ भन्ने व्यावहारिक उपयोग भूमि सुधार अभ्यासमा भइरहेको छ । यही अभ्यासका लागि सामुदायिक आत्मनिर्भर केन्द्रले भूमि अधिकार मञ्चमार्फत सिन्धुपाल्चोक, महोत्तरी, सप्तरी, दाङ, सुर्खेत र डडेलधुरा जिल्लामा यो अभ्यास समुदाय तहमा सञ्चालन भइरहेको छ । २०६५ सालेदेखि अभ्यासमा ल्याइएको सामुदायिक भूमि सुधार अभ्यासको प्रक्रिया यसको केही उपलब्धि र चरणहरूको विषयमा यहाँ चर्चा गरिएको छ ।

## राम्चेको अभ्यास र सफलता

सिन्धुपाल्चोकस्थित राम्चे गाविसको ६६४ घरमध्ये आफ्नै खेतीले मात्र ३ महिनाभन्दा बढी खान नपुग्ने परिवार २२२ छन् । ६ महिनामात्र खान पुग्ने १६९ परिवार छन् । मुस्किलले १२ महिना खान पुग्ने १६४ परिवार छन् । आफूलाई बढी भएर केही अन्न बेच्ने परिवारचाहिँ थोरैमात्र छन् । गाविसमा सुकुम्बासी ९ परिवार, मोही किसान ७८ परिवार र गुठीबाट पीडितको सङ्ख्या ६५ परिवार छ । १७ परिवार दलित अति विपन्न अवस्थामा छन् ।





> जमिनको चक्ला भनेको मन र आपसी सम्बन्धको चक्ला रहेछ । मनको चक्ला बलियो र उन्नत हुनुपर्छ भन्ने बुझाइ अभ्यासले दियो ।

२०६५ मा राम्चेमा सामुदायिक भूमि सुधार अभ्यासको थालनी भयो । सुरुमा यस विषयमा स्थानीय स्तरमा बहस/विवाद हुन थाले । भूमि सुधार जस्तो कुरा पनि यहाँ गाउँका किसानले गर्न सक्छन र ? सरकार र पार्टीहरूले समेत नसकेका काम गाउँलेले गर्ने हो र ? भन्ने प्रश्न उठे । समुदायलाई आफ्नो ज्ञान र ताकतमा विश्वास भएन ।

गाउँ समुदायमा सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरण ल्याउन कसैको भरोसा पर्खेर बस्ने अवस्था रहेन । सामुदायिक तहमा वास्तविक भूमि सुधारकर्ता निर्माण हुन थाले । गाउँको भूमिलाई बुझ्ने र त्यसको व्यवस्थापनका उपाय दिन सक्ने स्थानीय स्रोत पहिचान गरिए । यसरी गाउँ रूपान्तरणमा चासो राखेर केही न केही भूमिका राख्दै आएका अगुवाहरूको अनुभव मथेर सामुदायिक भूमि सुधार अभ्यासको मार्गचित्र तय भयो ।

सयौं किसान अभ्यासमा आए । भूमि सिकाइ केन्द्रहरूमा भूमि सुधारबारे सामुदायिक छलफल भयो । गुठी, मोही, सुकुम्बासी, भूमिमा महिला स्वामित्व तथा चक्लाबन्दीको सामुदायिक योजनाहरू बन्यो । सवालगत सङ्गठन निर्माण भए । निवेदन, मुद्दा, डेलिगेसन, धर्ना र शान्तिपूर्ण घेराउ तथा र्‍यालीमा सहभागिता बढ्दै गयो । सामुदायिक तवरबाटै भूमि सुधार अभ्यासको शृङ्खला सुरू भयो । पूरै गाविस यस कार्यमा सरिक भयो ।

जब अभ्यास सुरु भयो । खेतीपातीमा सुधार आयो । हिउँदमा बाँझै रहने बाह्रबिसे फाँट हरियालीमात्र भएन, पचासौं मुरी आलु र हिउँदे बेमौसमी तरकारीसमेत उत्पादन हुन थाल्यो । भूमिहीन, मोही, सुकुम्बासीको स्वरोजगार सिर्जनाको आधारसमेत बन्यो । भूमि सुधार अभ्यासकर्ताहरू खेतीमा सामुदायिक कृषि चक्लाको अभ्यासमा लाग्न

थाले । भट्टेका गुठीमुक्त किसानहरू गुन्द्रुक उत्पादन गरी आय बढाउनेतर्फ लागेका छन् । पहाडी भूमि रमणीय प्राकृतिक विशेषता पहिचान गरेर सामुदायिक व्यवस्थापनमा कृषि पर्यटनको आधार खोजी गर्ने क्रम पनि सुरू भएको छ ।

सामुदायिक भूमि सुधार अभ्यास सामुदायिक प्रक्रियामा आधारित छ । सामाजिक छलफल, सामाजिक नक्शाङ्कन, सामूहिक योजना, सहभागितात्मक अनुगमन, सामूहिक चक्ला अभ्यास जस्ता अभ्यास सामुदायिक अगुवाइमा अगाडि बढिरहेको छ । सामुदायिक भूमि सुधार अभ्यासमा मोही, भूमिहीन सुकुम्बासी, गुठीपीडित किसान र महिला किसानले नेतृत्व गरेका छन् । राम्चेमा सामुदायिक भूमि सुधार अभ्यासबाट बनेको योजनामा गाविसको कृषि बजेटसमेत दाबी गरी उपयोगमा ल्याइएको छ ।

सामुदायिक भूमि सुधार अभ्यासले अभ्यासकर्ता नै अभियानकर्ता र अभियानकर्ता नै अभ्यासकर्ता भन्ने भावना पनि जागृत गराएको छ । भूमिमा महिलाको स्वामित्व हुनुपर्ने जागरण ल्याई अहिले महिला–पुरुषको नाममा संयुक्त पुर्जा गराउने क्रम अघि बढेको छ । यसले खेती गर्ने जमिनमा दुवैको बराबर अपनत्व बढाएको छ ।

पहिले पहिले खेतीपातीमा एक्लै जस्तो हुन्थ्यो । खेतीपाती गर्न गाह्रो हुन्थ्यो । सँधियारहरू आ-आफ्नो जमिनको साँध सिमानामा कित्ताकाट गर्थे । एक इन्च जमिन पनि तेरोमेरोको हिसाबकिताब चल्थ्यो । जमिनमा भन्दा पनि जोताहाहरूको मन खण्डीकरणमा परेको थियो । धेरै लामो अभ्यास र आपसी अध्ययनपछि चक्लाबन्दीको नयाँ रणनीतिक परिकल्पना आयो । चक्लाबन्दीको नक्शा अभ्यासमै बन्यो । त्यसमा सबैको जमिन पऱ्यो । नक्शाङ्कनले जमिन उपयोगको अवस्था अझै बढी छर्लङ्ग्यायो । सबै मिलेर सिँचाइ, बाटो, व्यावसायिक तथा उन्नत अर्गानिक बाली उत्पादनको आवश्यकता बोध गरे ।

खेतीपातीमा सरल सिँचाइ पानी भकारी प्रविधिहरू भित्रियो । जग्गामा गाईवस्तु पनि छाडा नछाड्न सबै सहमत भए । सबैले महत्व बुझे । 'जमिनको चक्ला भनेको मन र आपसी सम्बन्धको चक्ला रहेछ । मनको चक्ला बलियो र उन्नत हुनुपर्छ भन्ने बुझाइ अभ्यासले दियो । एकबाट दुई, दुईबाट चार हुँदै चक्ला क्षेत्र पनि विस्तार भएको छ । यो प्रक्रियाले किसानहरूमा चक्लाबन्दीको सामूहिक भूमिका बढाएको छ । पहाडी आवादी जमिनको भू–बनोटअनुसार स-सानो चिटिक्क परेका खेतीपातीका चक्ला क्षेत्रहरू निर्माण भई खेतीपाती भइरहेको छ । राम्चेका ७८ मोही परिवारमध्ये ३९ मोही कायम छन् । १७ परिवारले लगत प्रमाणका लागि गाविसमा निवेदन दर्ता गराएका छन् । ५ मोही परिवारले हकदावीसहित जिल्ला मालपोत कार्यालयमा मुद्दा हाले, यीमध्ये २ मोही किसानले मोहियानी हक पाए । मोही लागेकै जमिनमा पनि खेतीपातीको सुधारबाट जोताहा हैसियत बढेको छ भने भूमि अधिकार मञ्चमार्फत मोही हकको लडाइँ पनि लडिरहेका छन् । गुठी जमिन रैकरमा परिणत हुन सक्छ । रैकर बनाउँदा कसैलाइ पनि नोक्सान भएन । अभ्यासमा सङ्गठित ४१ किसान परिवार गुठी मुक्त भए । गुठी मुक्त किसानहरू जमिनको चक्ला अभ्यासमा लागे । पाखो जमिनमा अलैंची, फलफूल र तरकारीको चक्ला निर्माण गर्दैछन् । छुटेका २४ परिवारले मालपोतमा निवेदन दर्ता गरेका छन् ।

भूमि सुधार अभ्यास प्रक्रियामा राम्चेको बाँदर भिर, पहरा, ढाँड, पाखा जमिन सामुदायिक समस्या होइन, यी त विस्तारै सम्भावनाको आधार बन्दैछन् । चुनौतीले घेरिएको भूमि सुधारका जटिल सवाललाई राम्चेबासीले अवसरको आधारबिन्दुका रूपमा पनि स्वीकारका छन् । सामुदायिक भूमि सुधार अरू नयाँ र सफल रूपान्तरणको केन्द्र भाग बन्दै जानेछ ।

## गङ्गापरस्पुरको अभ्यास र सफलता

गंगापरस्पुरमा २०६५ सालमा सामुदायिक भूमिसुधार गर्दा त्यतिबेला कमैया, कमलरी, भूमिहीन, सुकुम्बासी तथा मोहीको समस्या भोगिरहेकाहरू यहाँ बसाइँसराइँ गरी आएका थिए । ऐलानी जग्गा प्रशस्त भएपनि उपयोग भएको थिएन । भूमि सुधार अभ्यास अन्तर्गत



गाविसकोभूमि सम्बन्धी आधारभूत अध्ययन गरियो । गाविस तथा जिल्लास्तरीय सर्वपक्षीय प्रतिनिधिहरूको भेलामा भूमि सुधार अभ्यास सम्बन्धी प्रशिक्षण भयो । ९ वटै वडामा ९ गाउँ भूमि अधिकार मञ्च निर्माण भयो । मञ्चमा ६५ महिला, १९ दलित, ३२२ जनजातीसहित ३४८ सदस्यहरू सङ्गठित भए ।

गङ्गापरस्पुरमा भएको मुख्य प्रयासमा ऐलानी जग्गा उपयोग हो । नदी उकास, बगर क्षेत्र, गौचरण तथा ऐलानी पर्ति २७७ विघा जमिन उपयोगमा ल्याइएको छ । २४७ परिवारले बाँझो र प्रयोगहीन जग्गालाई उपयोगमा ल्याई खाद्य उत्पादन बढाइरहेका छन् । सधैं मजदूरी गरी जीविका चलाउनुपर्ने बाध्यता बोकेका भूमिहीन सुकुम्बासी परिवारको अहिले सोही जग्गाबाट ५ महिनालाई खानपुग्ने अन्न उत्पादन हुन्छ ।

यसपछि भूमिहीन सुकुम्बासी बसोबास गरेको आधारमा प्रमाणपत्र लिने अभियान पनि चलाइयो । गाविसबााट लिनुपर्ने आधारपत्रका लागि पहिलोपटक २०६६ मा ७२३ परिवारको निवेदन पेश गरियो ।

पटकपटक ताकेता गरेपछि राजनीतिक दल, स्थानीय सरोकारवाला, गाविस सचिव र भूमि अधिकार मञ्चका प्रतिनिधि रहेको १९ सदस्यीय छानबिन समिति बन्यो । छानबिनका लागि आवश्यक पर्ने ४५ हजार रूपियाँ बजेट गाविसले नै छुट्यायो । पटकपटक पहल गरी हालसम्म २०२४ भूमिहीन सुकुम्बासी परिवारले बसोबासको आधार प्रमाणपत्र प्राप्त गरेका छन् ।

सामुदायिक भूमि सुधारअन्तर्गत गङ्गापरस्पुर गाविसस्तरीय मञ्जरी महिला कृषि सहकारी संस्था गठन भएको छ । सहकारीमा ११५ भूमिहीन सुकुम्बासीहरू सङ्गठित भएका छन् । प्रतिसदस्य मासिक ५० रूपियाँ बचत सङ्कलन हुन्छ ।

सहकारीमा २ लाख ३२ हजार पुँजी जम्मा भएको छ । यसले सदस्यहरूलाई कुनै पशुपालन तथा तरकारी खेती व्यवसाय सञ्चालन गर्नका लागि ऋण प्रदान गर्न सहजता भएको छ ।

## महोत्तरीको अभ्यास र सफलता

भूमि अधिकार मञ्चको सहजीकरणमा २०६६ सालदेखि महोत्तरीको लक्ष्मीनियाँ गाविसमा सामुदायिक भूमि सुधार अभ्यास सुरु भयो । लक्ष्मीनियाँमा गाविसस्तरीय सर्वपक्षीय बैठक राखी अभ्यासका लागि सञ्जाल गठन गरियो । सञ्जालमा राजनीतिक दलका प्रतिनिधि पनि सहभागी भए ।

सञ्जालका सदस्यको सहभागितामा टोल र वडा तहको सामाजिक तथा स्रोत नक्सा तयार गरियो । यसबाट अवस्था विश्लेषण र सवाल पहिचान गर्न सहज भयो । जग्गा नहुनेहरू खेतीको मौसममा अरुको खेतमा मजदूरी गर्ने र बाँकी समय खोलामा गिट्टी कुट्ने,बालुवा चाल्ने, पुरुष जति प्रायः मजदूरीका लागि भारत जाने र कमाई गरी जीविका चलाउने गर्थे ।



यिनै समुदायसँग छलफल गरी पहिलो चरणमा लक्ष्मीनियाँ ५ र ८ मा बन्धन भूमि अधिकार मञ्च गठन भई सामुदायिक भूमि सुधार अभ्यास सुरुवात भयो । लक्ष्मीनियाँ– १ र ३ वडामा पर्ने ३ विघा १५ कट्ठा जमिन नदी उकासको भेटियो । उक्त जग्गा उपयोगमा ल्याउनका लागि २०६८ वैशाख १८ गते लक्ष्मीनियाँ- १ थापा टोलमा सर्वदलीय भेला आयोजना भयो । भेलामा राजनीतिक दलका प्रतिनिधिसहित ५७ जना सहभागी थिए । भेलाले कोपीला भूमि अधिकार मञ्च र विकास भूमि अधिकार मञ्चमा सङ्गठित २९ परिवार भूमिहीनलाई उक्त जग्गा खेतीपातीको लागि वितरण गर्ने निर्णय गऱ्यो । त्यतीबेला गाउँका जमिनदारहरूले 'हाम्रो गाई चराउने ठाउँ कहाँ पाइन्छ' भनी विरोध गरेका थिए । धेरै छलफल र प्रतिवाद गरेपछि उनीहरू चुप लागे ।

मडाहा खोलाको नदी उकासको उक्त बाँझो जमिन काँस घारीले भरिएको थियो । यसलाई उपयोगमा ल्याउन मात्रै १४ घण्टा ट्याक्टरले जोत्नुपरेको थियो । उनीहरूलाई मकैको बीउ खरिद गर्नका लागि भूमि अधिकार मञ्चले सहयोग गरेको थियो । सबै मिली सामूहिकरूपमा त्यस भूमिको संरक्षण गरे । त्यसमा मकै खेती गरे । उनीहरूले ९० क्विन्टल मकै फलाए । सबैले मकै भाग लगाए र भकारी मकैले भरे । भूमिहीनहरू धेरै खुसी भए ।

स्थानीय सरकोकारवाला निकायहरू पनि उनीहरूको मेहनत देखेर चकित भए । हामी सहयोग र साथ दिन्छौं भन्न थाले । भूमि सुधार अभ्यासमा लागेका ५ सुकुम्बासी परिवारले पनि भूमि अधिकार मञ्चको पहलमा प्रतिपरिवार ३ कट्ठा १० धुरको दरले नदी उकास जमिन पाए । र खेती गरिरहेका छन् ।

भूमि सुधार अभ्यासमा लागेका उनीहरूले गाविसको कार्यालयबाट जोतभोगको

आधारपत्र प्राप्त गरेका छन् । ३५ घरपरिवारले सामूहिक खेती गरी ६ देखि ९ महिनासम्म खान पुग्ने अन्न उत्पादन गर्न सक्ने भएका छन् । गाउँब्लक जग्गामा बसोबास गर्ने ४३ परिवार भूमिहीनको जग्गा दर्ताको प्रक्रिया अघि बढेको छ । यसको स्थलगत सर्वेक्षण र नक्साङ्कन भइसकेको छ । सामुदायिक भूमि सुधार अभ्यासमा सङ्गठित परिवारले जनशक्ति महिला कृषि सहकारी संस्था गठन गरी दर्ता गरेका छन् । सहकारीमा १०१ सदस्यहरू सङ्गठित भएका छन् । १ लाख ३० हजार पुँजी जम्मा भइसकेको छ । यसले सदस्यहरूको आयआर्जन कार्यक्रममा सहुलियतरूपमा ऋण लिन–दिन सहज भएको छ ।

सामुदायिक भूमि सुधार अभ्यासमा स्थानीय समुदाय र सरोकारवाला निकायबीचको सम्बन्ध विस्तार भई भू-उपयोग, भूमि अधिकार र कृषि सुधारको पाटोमा सहजता आएको छ । साथै यो अभ्यासपछि भूमिहीनहरूको दैनिकीमा समेत परिवर्तन आएको छ ।

## सहारेको प्रयास

जिल्ला भूमि अधिकार मञ्चको अगुवाईमा २०६९ मा सहारे गाविसमा भू-स्वामित्व र उपयोगसम्बन्धी अध्ययन भयो । अध्ययनका क्रममा ७ हजार ७ सय ७५ रोपनी क्षेत्रफल जमिन जोत्नेको नाममा नभएको देखियो । १० प्रतिशत जमिन बाँझो खेर गइरहेको पाइयो । प्राकृतिक मूल, झरना, वन संरक्षणमा कमी भएको पनि अध्ययनमा पाइयो ।

२०६९ देखि सुरु भएको सामुदायिक अभ्यासमा रामकुमारी ओलीको संयोजकत्वमा सामुदायिक भूमि तथा कृषि सुधार मूल समिति गठन भएको छ । परिवेशअनुसार जमिनको वर्गीकरण गरी व्यावसायिक खेती गर्ने, वन, पानीका मूल, झरनाको संरक्षण गर्ने, स्थानीय उत्पादनको प्रचार–प्रसार र बजारीकरणका लागि होमस्टे सञ्चालन गर्ने योजना तयार गरिएको छ । सामुदायिक भूमि सुधारको अवधारणाबारे टोल-टोलमा छलफल गरी सुझाव लिई स्थानीय आवश्यकताको सूची तयार गरिएको छ । नेपाल राष्ट्रिय निमावि थक्लेनीको नाममा रहेको २२ रोपनी ८ आना बाँझो जग्गालाई उपयोगमा ल्याई सामूहिक खेती गर्ने तयारी भइरहेको छ ।

## हर्दियाको अभ्यास र सफलता

हर्दिया गाविसको ९ वटै वडाको घरधुरी सर्वेक्षण गरी सवाल तथा समस्या पहिचान गरियो । यसपछि सहभागीमूलक छलफल, सामाजिक र स्रोत नक्सा निर्माण गरी गाविसको अवस्था पत्ता लगाइयो । यस क्रममा सवालअनुसारका ११ गाउँ भूमि अधिकार मञ्च निर्माण भई भूमि अधिकार प्राप्तिको आन्दोलनमा र सामुदायिक भूमि सुधारको अभ्यासमा क्रियाशील छन् । यी गाउँ मञ्चमा २७५ भूमि अधिकारबाट वञ्चितहरू सङ्गठित छन् ।

> “स्थानीय सरकोकारवाला निकायहरु पनि किसानहरूको मेहनत देखेर चकित भए । हामी सहयोग र साथ दिन्छौं भन्न थाले ।

ऐलानी र नदी उकास जमिनको खोजी गरी भूमि अधिकार मञ्चका सदस्यहरूले सामूहिक खेती गर्ने योजना बन्यो । जमिनको खोजी गर्ने क्रममा हर्दिया- २ मा २ विघा १० कट्ठा नदी उकास जमिन फेला पर्‍यो । उक्त जग्गा २० परिवार भूमिहीनहरूले आयआर्जन बढाउन बाँझो जमिनको उपयोग गरी फलफूल र तरकारी खेती सञ्चालन गरेका छन् । त्यस्तै, हर्दिया- ६ मा सञ्जीवनी गाउँ मञ्चले बलान नदी उकासको ५ विघा जमिनको खोजी गरी २४ परिवारले खेतीपाती सुरु गरेका छन् । उक्त जग्गामा जिल्ला भू-संरक्षणबाट फलफूलको विरुवा ल्याई फलफूल पनि खेती गरिएको छ ।

सामुदायिक भूमि सुधारकै अभ्यासअन्तर्गत हर्दिया-१ मा चन्द्र सूर्य गाउँ मञ्चमा सङ्गठित २२ सदस्यले नमुना सामुदायिक वनको ५ विघा हैसियत बिग्रिएको जमिनको उपयोग गरिरहेका छन् । गाउँ मञ्चले सामुदायिक वन समितिसँग १० वर्षका लागि सम्झौता गरी जमिन लिई उपयोगमा ल्याएका छन् । यस जमिनमा गरिएको तरकारी खेतीबाट दलित परिवारको आयआर्जनमा टेवा पुगेको छ । उनीहरूले यस वर्ष मात्रै नगदे बालीबाट ५० हजार भन्दाबढी नगद आम्दानी लिन सफल भए ।

त्यस्तै, सामुदायिक भूमि सुधार अभ्यासको क्रममा हर्दिया– ६ मा सुकुम्बासी गाउँ मञ्चका १४ सदस्यहरूले सामुदायिक वनको हैसियत बिग्रेको ३ विघा १० कट्ठा जमिन उपयोग गरी तरकारी खेती गरिरहेका छन् । मञ्चकै प्रयासमा गाविसबाट ५० हजार रूपैयाँ आर्थिक सहयोग जुटाई सिँचाइका लागि बोरिङ गरिएको छ । यसले सिँचाइ सुविधा पुगेको छ । सामुदायिक भूमि सुधार अभ्यासका क्रममा सामुदायिक जमिनहरू उपयोगमा ल्याउनका लागि स्थानीय राजनीतिक दल, गाविस सचिव र समाजसेवीहरूको भेला गरी भूमिहीनलाई नदी उकासको खाली जमिन उपयोग गर्न दिने विषयमा सहमति जुटाइयो ।

अभ्यासमा सङ्गठित भएपछि भूमि सुधार भनेको पहिलो भू-उपयोग, दोस्रो सुरक्षित आवास, तेस्रो कृषि सुधार हो भन्ने बुझाई सबैमा भएको छ ।

यी तीनवटै पाटोलाई सँगै लगेर व्यवस्थापन गरे सामुदायिक तहमा खेर गइरहेको भूमिको व्यवस्थापन पनि हुन्छ र खाद्यान्नको अभावबाट भोको पेट बस्नुपरेका भूमिहीनको समस्यमा पनि कमी आउनेछ । यस्तो अभ्यासले किसानलाई जमिनको अधिकारसँगै संरक्षण पनि गर्नुपर्छ भन्ने भावना पनि जागृत गराउँछ । यो अभ्यास गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित सदस्यहरूले गरिरहेका छन् । ●

*(शम्भु सापकोटा, राजकुमार बस्नेत, रेमन्त चौधरी, शिवकुमार पासवान र पूर्ण सुनारको सहयोगमा तयार गरिएको)*

# मोही किसानद्वारा धर्ना

बाँके र बर्दियाका मोही किसान मोही हक बाँडफाँटको माग राखी २७ दिनसम्म जिल्ला भूमि सुधार कार्यालयअघि धर्नामा बसे । मोही किसानहरू वैशाख १४ गतेबाट धर्नामा बसेका थिए । राष्ट्रिय भूमि अधिकार मञ्च र नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयबीच भएको सहमतिपछि जेठ ९ गते किसानहरूले धर्ना स्थगन गरेका छन् । बाँके र बर्दियालगायत्का जिल्लामा मोही जग्गा बाँडफाँट गर्ने र यसका लागि विधेयक बनाई व्यवस्थापिका संसदबाट पारित गराउन पहल गरिने सहमति भएपछि किसानको जारी धर्ना स्थगन भएको छ ।

मोही किसानहरू २०६४ सालदेखि रोकिएका मोही हक बाडँफाँट प्रक्रिया फुकुवा हुनुपर्ने, बिनाझन्झट मोही हक पाउनुपर्ने, मोही जग्गाको धितो बन्धक एवम् मोहीको सहमतिबिना हक हस्तान्तरण गर्ने कार्यमा रोक्का लगाउनुपर्ने, मोही नामसारीका लागि परेका निवेदनमाथि प्रक्रिया अघि बढाई तत्काल नामसारी हुने कार्यको थालनी गरिनुपर्ने, मोही किसान र उनीहरूले जोतेको जमिनको लगत सङ्कलन गरिनुपर्ने माग राखी किसान धर्नामा बसेका हुन् । बाँके, बर्दिया जिल्लामा मात्र मोही बाँडफाँटका लागि १७४९ र नामसारीका लागि ९३० र जग्गाधनीले मोही निस्कासनका लागि दिएका १८४ मुद्दा छन् । २८६३ मोहीले १० वर्षभन्दा बढी समयदेखि भूमि सुधार कार्यालय र अदालतमा मोही मुद्दाको तारेख धाइरहनुपरेको छ ।

आफ्नो जमिन नभएर वा भएको जमिनले खाना नपुगेर अरुको जमिन जोतखन गर्ने किसान मोही किसान हुन् । जमिन कमाउने जोताहा किसानले मोही हक पाउने व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ ले गरेको छ । २०५३ सालमा भूमिसम्बन्धी ऐनमा संशोधन गरी पुनः किसानलाई यो हकबाट वञ्चित गराइयो । पुनः २०५८ सालमा भूमिसम्बन्धी ऐनमा पाँचौं संशोधन भयो । यस पटक संशोधन भएको ऐनले मोही लागेको जग्गा २ वर्षभित्र बाँडफाँट गरिसक्ने व्यवस्था गऱ्यो । तर हाम्रो सरकारी ढिलासुस्तीका कारण २ वर्षमा केही हुन सकेन् । फेरि २०६४ सालदेखि मोही कायम भएको जग्गा बाँडफाँटमा रोक लगाइयो । सरकारी मनपरीतन्त्रले गर्दा किसानले न्याय पाउन सकेका छैनन् ।




घाम, पानी, जाडो, गर्मी केही नभनी वर्षैभरि माटोमा रमाउने किसानहरू कानुनले व्यवस्था गरेको मोही हक पाउनबाट समेत वञ्चित भए । कतिपय मोही किसान पुस्तौंदेखि जोत्दै आएको जमिनबाट लखेटिएका छन् भने केही बेदखलमा परेका छन् । मोही कायम भएका किसानलाई पनि विभिन्न मुद्दा लगाएर पीडित बनाइएको छ । मोही जीवित हुँदा झुटा प्रमाणका आधारमा जबर्जस्ती निस्कासन गरिएको छ । कतिपयलाई आधा हक पाउने भनिए पनि धम्क्याएर थोरै मात्रै जमिन दिइएको छ । यस्तो समस्याबाट पीडित भएका किसानहरू लामो समयदेखि 'आधा हक' को लडाइँमा छन् । वर्षौंदेखि जोतभोग गरेको जमिनको आधा हकको बाँडफाँटका लागि किसानहरूले पटकपटक माग गर्दा पनि सुनुवाई नभएपछि दुवै जिल्लाको भूमि सुधार कार्यालयअघि धर्नामा बसेका हुन् । यसअघि पनि किसानहरू भूमि सुधार कार्यालय तथा मन्त्रालयमा मागपत्र तथा ध्यानाकर्षण पत्र बुझाउने, आफैं डेलिगेसन गई छलफल गर्दा पनि मोही बाँडफाँट प्रक्रिया फुकुवा गर्न चासो नदिएपछि बाध्य भएर सङ्घर्षमा उत्रिएका हुन् । राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल र नेपाल सरकार भूमि सुधार तथा व्यवस्था मन्त्रालयबीच निम्न विषयमा सहमति भएपछि धर्ना स्थगन भएको छ ।

१. बाँके, बर्दियालगायत्का विभिन्न जिल्लामा जग्गाधनी र मोहीबीच बाँकी रहेको जग्गा बाँडफाँट गर्ने कार्य सम्पन्न गर्न मन्त्रिपरिषद्मा प्रस्तुत भएको भूमिसम्बन्धी संशोधन विधेयकलाई

व्यवस्थापिका संसदबाट पारित गराउन पहल गर्ने ।

२. मोही लागेको जग्गा बैंक, वित्तीय संस्था तथा सहकारीमा धितो राखी ऋण लिन धितो/दृष्टिबन्धक राख्ने कार्य रोक्नका लागि अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक र कृषि विकास बैंकमा अनुरोध गर्ने र बाँडफाँडका लागि निवेदन परेका जग्गा रोक्का राख्न मालपोत कार्यालयहरूलाई परिपत्र गर्ने ।

३. सेवा निवृत्त कर्मचारीलाई कार्यालयमा आफ्नो काममा बाहेक अन्यको काममा बाधा विरोध गर्न वा दलाली गर्न वा मोहीलाई तर्साउने कार्य भएको गुनासो सम्बोधन गर्न त्यस्ता व्यक्तिलाई कार्यालयमा प्रवेश नदिन सम्बन्धित मालपोत तथा भूमि सुधार कार्यालयलाई निर्देशन दिने र प्रभावकारी अनुगमन गर्ने व्यवस्था गर्ने ।

४. बर्दियामा धर्नाका क्रममा मृत्यु भएका लौटन रैदासलाई क्षतिपूर्ति दिनका लागि गृह मन्त्रालयलाई अनुरोध गर्ने ।

धर्नामा सहभागी किसानहरूले दैनिकरूपमा राजनीतिक दलका प्रतिनिधि, मानव अधिकारकर्मी, पत्रकारसामु आफूहरूले वर्षौंदेखि भोग्नुपरेको पीडा सुनाए । उनीहरूले सभासद्हरूलाई धर्नास्थलबाटै चिठी लेखी मोही किसानको समस्या समाधानमा सहयोग गर्न आग्रह गरेका थिए ।




धर्नास्थलमा मानव अधिकार सञ्जाल, इन्सेक, विमेन राइट्स र स्थानीय पत्रकार पुगी धर्नाको समाचार सम्प्रेषणमा सहयोग गरे । किसानहरूको धर्ना कार्यक्रममा स्थानीयदेखि राष्ट्रियस्तरसम्मका सञ्चार माध्यमले पनि चासो देखाई उनीहरूका समस्या बाहिर ल्याउन सहयोग गरे । बाँकेको धर्नास्थलमा सभासद् देवराज भार पुगेका थिए । उनले मोही किसानको मागप्रति ऐक्यबद्धता जनाए भने खाजा खर्चका लागि ५ सय रूपियाँ सहयोग पनि गरे । त्यस्तै, वैशाख २६ गते बाँके जिल्लाकै नेपाली कङ्ग्रेस, नेकपा एमाले, एमाओवादी र जनमोर्चा पार्टी सम्बद्ध सभासद्हरू पुगी मोही किसानहरूको मागप्रति ऐक्यबद्धता जनाएका थिए । सभासद्हरूले मोही किसानको मागलाई सम्बन्धित निकायसम्म पुगी ध्यानकर्षण गराउने प्रतिबद्धता जनाएका थिए । बर्दियाका मोही किसानले धर्नास्थलबाटै जिल्लाका सभासद्हरूलाई चिठी लेखी मोही समस्या समाधानमा सहयोग गर्न निमन्त्रणा पनि पठाएका थिए ।

बर्दिया जिल्लामा धर्नामा बसेका ८१ वर्षीय महम्मदपुर–३ का लौटन रैदासको मृत्यु भयो । रैदास मोही अधिकार सङ्घर्ष समितिका अध्यक्ष राममुरत रैदासको पिता हुन् । जिल्ला भूमि अधिकार मञ्च बर्दियाले मञ्चको झण्डा ओढाई उनको अन्त्येष्टि गरेको थियो । राष्ट्रिय भूमि अधिकार मञ्च र भूमि सुधार तथा व्यवस्था मन्त्रालयबीच भएको सहमतिअनुसार धर्नाका क्रममा मृत्यु भएका लौटन रैदासलाई क्षतिपूर्ति दिनका लागि गृह मन्त्रालयलाई अनुरोध गर्ने सहमति भएको छ । ●

*(लालमणि भण्डारी र होमन्द्र थापामगरको सहयोगमा तयार पारिएको)*

## सुर्खेत जिविसमा पनि धर्ना

जिल्ला भूमि अधिकार मञ्च, सुर्खेतको आयोजनामा जेठ ६ देखि भएको अनिश्चितकालीन धर्ना ११ दिनपछि टुङ्गिएको छ । वीरेन्द्रनगर नगरपालिका क्षेत्र र अन्य ७ गाविसका भूमि अधिकारबाट वञ्चितहरूले बसोबास गरेको तथा जोतभोग गरेको जमिनको आधार प्रमाणपत्र माग गर्दै जिल्ला विकास समितिको कार्यालयअघि धर्नामा बसे । १ नगरपालिका र ७ गाविस कार्यालयमा ३ हजार ३ सय ८४ भूमिहीन परिवारले बसोबास आधार प्रमाणपत्रको माग गर्दै निवेदन पेश गरेका थिए । निवेदन पेश गरेको लामो समय हुँदा पनि गाविस तथा नगरपालिकाले पेश गरिएको निवेदनमाथि केही कार्वाही अघि नबढाएपछि किसानहरू बाध्य भएर धर्नामा बसेका हुन् ।

धर्नास्थलमा राजनीतिक दलका प्रतिनिधि, स्थानीय विकास अधिकारी, निमित्त प्रमुख जिल्ला अधिकारी र भूमि अधिकार मञ्चका प्रतिनिधिबीच बस्ती उठीबास रोक्ने र बसोबासको प्रमाणपत्र दिनेमा सहमति भएपछि ११ दिने लामो धर्ना स्थगन भएको छ । धर्नामा दिनहुँ ३०० देखि ५०० सम्म भूमि अधिकारबाट वञ्चित किसान सहभागी भएका थिए । माना मुठ्ठीसमेत सङ्कलन गरी धर्नामा बसेका सहभागी आन्दोलन सफल पार्नेमा बढी चिन्तित थिए । धर्नाका लागि समुदायबाट ६२ किलो चामल, ६ किलो तरकारी, १० किलो दाल तथा तेल र दाउरा सङ्कलन भएको थियो ।

# गाउँ मञ्चले गृष्मबहादुरमा ल्याएको परिवर्तन



ओखलढुङ्गाको कुन्तादेवी– १ का गृमबहादुर भुजेल २०६९ साल जेठमा निर्माण भएको नाङ्गेडाँडा गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छन् । महिनैपिच्छे गाउँ मञ्चको बैठकमा आई छलफलमा सक्रिय चासो राख्थे । केही गरौँ भन्नेलाई परिवर्तन हुन समय पनि नलाग्ने रहेछ भन्ने उदाहरण बनेका छन् उनी अहिले । ६ महिनामा एक बाली खेती लगाउने र बाँकी ६ महिना बाँझै छाड्ने जमिनमा उनी अहिले धेरैखाले खेती गरी आम्दानी लिन सक्ने भएका छन्। उनले आफ्नै अगुवाईमा पानीको स्रोत पहिचान गरी ६ परिवार मिली १ लाख २० हजार जम्मा गरे । बस्तीसम्म पानी ल्याए । नाङ्गेडाँडा फलफूल नामक उपसमूह गठन गरी तरकारी खेती सुरु गरेका छन् ।

उनी पछिल्लो पटक अगुवा शिविर तथा प्रशिक्षण कार्यक्रममा सहभागी भएका थिए । त्यहाँबाट फर्केपछि उनमा झन उत्साह, उमङ्ग र खुसी बढ्यो । उनी गाउँ मञ्चमा सक्रिय अगुवा भएका छन् । गाउँ मञ्चकै प्रतिनिधित्व गरी गाविस तहमा रहेका सरोकारवालाहरूसँग पनि समन्वय बढाउँछन् । गाविस परिषद् कहिले हुन्छ ? जस्ता विषयमा चासो राख्छन् । त्यस्तै गाउँमा आउने हरेक बीउविजन तथा अन्य सहयोगमा पनि गाउँ मञ्चमा सङ्गठित कसैलाई पनि छुटाउन हुँदैन भनी वकालत गर्छन् । उनी भन्छन्- 'भूमि अधिकार मञ्चले बाँझो भूमि राख्नुहुन्न, जति सक्दो भूमिको उपयोग गरी आम्दानी बढाउनुपर्छ भन्ने विषयमा मलाई ज्ञान नदिएको भए म यहाँसम्म आइपुग्ने नै थिइनँ । ●

*प्रस्तुति : सुष्मा गौतम*

## भूमि तथा कृषिसम्बन्धी केही उपयोगी तथ्याङ्क

| | |
|---|---|
| कुल जनसङ्ख्या | २ करोड ६४ लाख |
| भूमिहीनको कुल जनसङ्ख्या | २५ प्रतिशत |
| खेती गरिएको जमिन | ३१ लाख हेक्टर |
| खेती नगरिएको जमिन | १० लाख ३० हजार हे. |
| सिँचाइ पुगेको जग्गा | १३१३४०६ हेक्टर |
| खेती गर्ने जग्गा हुनेको परिवार सङ्ख्या | ३७१५५५५ |
| अरुको मात्र जमिन कमाउनेको स ङ्ख्या | ४८३८२ |
| महिलाको भू–स्वामित्वको अवस्था हेक्टरमा | ७२६७५५ |
| राष्ट्रको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | ३१.१ प्रतिशत |
| ब्याङ्क तथा वित्तीय क्षेत्रबाट ऋण लिने किसान सङ्ख्या | ३७ प्रतिशत |
| कुल परिवार सङ्ख्या | ५४ लाख ३७ हजार ३ सय २ |
| कृषि पेशामा आश्रित परिवार | ३८ लाख ३१ हजार परिवार |
| पर्याप्त खेतीयोग्य जमिन नभएको किसान सङ्ख्या | ७० प्रतिशत |
| महिला घरमुली भएको जनसङ्ख्या | २५.७३ प्रतिशत |
| महिलाको भू-स्वामित्वको अवस्था | १९.७१ प्रतिशत |

*स्रोत : राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग*
*राष्ट्रिय कृषि गणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग*

# चुरेबासीले भेटे राष्ट्रपति



चुरेबासीले जेठ २३ गते राष्ट्रपति रामवरण यादवलाई शीतलनिवासमा भेटी चुरे संरक्षणमा आफ्ना अनुभव सुनाए । चुरेबासीले चुरेको संरक्षणको जिम्मा सेनालाई नभई स्थानीय समुदायलाई दिनुपर्ने माग राखेका छन् । भू-स्वामित्वको समस्या नसुल्झाई चुरेको समस्या नसुल्झिने दाबी पनि उनीहरूले राष्ट्रपति यादवसमक्ष गरेका छन् । अहिलेको सरकारी संरचनाले चुरे जोगाउन नसक्ने ठहर गर्दै छुट्टै चुरे आयोग बनाउन र त्यसमा स्थानीयलाई पनि सहभागी गराउन सके चुरे जोगाउन सकिने उनीहरूले बताए ।

ठूला ठेकेदार र तस्करहरूले ट्रकका-ट्रक काठ, ढुङ्गा, गिट्टी र बालुवा लान्छन् । कुनै राजनीतिक दल बोल्दैनन् । झुपडी वरिपरिका बोटबिरुवा जोगाउने, फलफूलका बिरुवा लगाउने, आगो लाग्दा निभाउने हामी गरिबलाई विनासकारी देख्ने अन्याय रोकिनुपर्छ- उनीहरूले राष्ट्रपतिसमक्ष गुनासो राखे ।

बारा अमलेखगञ्जका मानसिंह वाइबाले भने- २०५४ सालअघि उराठलाग्दो ढुकुवाबास हराभरा बनायौं । चरा देख्न नपाइने ठाउँमा घोरल, बँदेल, मृग चरिरहेका छन् । अहिले आरक्ष बनाउने भन्ने सुनिँदैछ । मनमा शान्ति छैन । बालबच्चालाई कहाँ लग्ने ? कहाँ पढाउने ? के खुवाउने ? यस्तै, राष्ट्रपतिसँगको भेटका क्रममा रौतहटका पदमबहादुर वाइवा र बाराकी देवलक्ष्मी मोक्तानले

### राष्ट्रपतिसँग चुरेबासीका माग

१. चुरेले आफ्नो भौगोलिक आकार र विशेषताअनुसारको ध्यान पाउन सकेन । यस्तै नियति भोग्दै जाँदा देशको एउटा भौगोलिक तथा जैविक क्षेत्र नै विनासतर्फ उन्मुख भइरहेको छ । अहिलेको संरचनाले चुरे जोगाउन सक्दैन । यस परिप्रेक्ष्यमा चुरेबासीहरूको सहभागितामा छुट्टै आयोग बनाई चुरेको समग्र व्यवस्थापन गरिनु जरुरी छ । यस्तो आयोगले चुरे क्षेत्रमा बसोबास गर्नेहरूको जीविकाको संरक्षण गर्दै सिङ्गो चुरे व्यवस्थापन गर्नुपर्छ ।

२. राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा चुरे क्षेत्रको संरक्षण र जनजीविका तथा भूमि अधिकारको सुनिश्चितता गर्नेगरी चुरेबासी तथा सरोकारवालाको उचित सहभागितामा चुरे नीति तथा कार्यक्रम बनाई लागु गरिनुपर्छ ।

३. सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (स्रोत केन्द्र-६) प्राकृतिक न्यायको सिद्धान्तअनुसार जल, जङ्गल र जमिनको उपयोग तथा व्यवस्थापनको अधिकार स्थानीयबासीले पाउनुपर्छ । यसको वन क्षेत्र स्थानीय समुदायलाई हस्तान्तरण गरिनुपर्छ । चुरे स्थानीयबासीले जोगाउँछन् । सेना राखेर चुरे जोगिँदैन । स्थानीयलाई नै जिम्मेवार बनाउनुपर्छ ।

४. सरकारले भू-उपयोग नीति पारित गरिसकेको छ । यस सन्दर्भमा चुरे क्षेत्रको भू-उपयोग योजना बनाई कार्यान्वयनमा अविलम्ब ल्याउनुपर्छ । यसो गर्दा संवेदनशील भनी छुट्ट्याइएका ठाउँको प्राकृतिक तथा मानवीय क्षति कम गर्नका लागि यस्ता क्षेत्रको बस्ती स्थानान्तरण गर्नुपर्ने हुनसक्छ । बस्तीयुक्त क्षेत्र घरवारका लागि ठिकै भए पनि खेतीपातीका लागि उपयुक्त नभएमा उनीहरूलाई नै त्यसको स्वामित्व दिई फलफूल खेती, गैरकाष्ठ वन पैदावार रोपण आदि कार्य गराउनुपर्छ । चुरे क्षेत्रको नक्साङ्कनका आधारमा बसोबास तथा खेतीयोग्य ठाउँ पहिचान गरी त्यस्ता ठाउँको स्वामित्व किसानलाई नै दिनुपर्छ । यसरी दिइने जग्गाधनी प्रमाण पुर्जा श्रीमान्-श्रीमती दुवैको संयुक्त नाममा हुनुपर्छ ।

५. चुरेबासीलाई डर, त्रास देखाउने र उठिबास लगाउने भन्ने सरकारी पक्षको अमानवीय कार्य रोकिनुपर्छ ।

पनि खोलामा बाढी आउँदा बस्तीमा पालो कुरेर बस्नुपर्ने बाध्यता सुनाए । कतिखेर खोलो बस्तीमा पस्ने हो ठेगान हुँदैन । जिविस र भू-संरक्षण कार्यालयमा हारगुहार गर्दा ऐलानी बस्तीमा बसेकालाई सहयोग नगर्ने भन्छन्, उनीहरूले राष्ट्रपतिलाई सुनाए । महोत्तरी, खयरमाराकी नमोबुद्धिलक्ष्मी थिङले राज्यको ढुकुटी खर्चेर महँगो सेना नपठाउन अनुरोध गर्दै त्यो जिम्मेवारी चुरेबासीलाई नै दिन माग राखिन् ।

राष्ट्रपतिलाई अनुरोधपत्र बुझाउँदै उनीहरूले चुरे क्षेत्रको विस्तृत अध्ययन गरी भू-उपयोग नीतिको आधारमा चुरे क्षेत्रको भू-उपयोग योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्ने, संवेदनशील भनी छुट्ट्याइएका ठाउँको प्राकृतिक तथा मानवीय क्षति कम गर्नका लागि यस्ता क्षेत्रको बस्ती स्थानान्तरण गर्नुपर्ने, बसोबासयुक्त क्षेत्र घरबासका लागि ठिकै भए पनि खेतीपातीका लागि उपयुक्त नभएमा उनीहरूलाई नै त्यसको स्वामित्व दिई फलफूल खेती, गैरकाष्ठ वन पैदावार रोपण आदि कार्य गराउनुपर्ने माग उठाएका छन् । भूमि अधिकारकर्मी जगत देउजाले चुरे मोटाहरूले लुटे तर दुब्लाको कुरा सुनिएको छैन । चुरेबासीलाई भूमिहीन बनाएर र यिनलाई शङ्का गरेर हैन, भू-स्वामित्व दिई जिम्मेवार बनाएर संरक्षण गर्न सकिने बताउनुभयो । उहाँले चुरेबासीलाई भू-स्वामित्व नदिँदा पछिल्लो समयमा अतिक्रमण गर्ने क्रम बढेको हुँदा यस विषयमा निर्णय लिन ढिला गर्न नहुने बताउनुभयो । राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालका अध्यक्ष सोमप्रसाद भण्डारीले राष्ट्रपति रामवरण यादवलाई चुरेबासीको अनुरोधपत्र, उनीहरूको अनुभव, चुरे र भूमि अधिकार यात्राको डकुमेन्ट्री र प्रतिवेदनहरू एकैसाथ बुझाउनुभयो ।

चुरेबासीसँगको भेटका क्रममा राष्ट्रपति यादवले चुरे संरक्षणमा सबैको चासो हुनुपर्छ । पुस्तौँदेखि चुरेमा बसोबास गर्दै आएका बासिन्दालाई हटाएर चुरे जोगाउँन सकिँदैन । चुरे विनासको मुख्य कारण गिट्टी बालुवा निकासी भएको बताउनुभयो । राष्ट्रपति यादवले अनुरोधपत्रमा लेखिएका बुँदाको आधारमा प्रधान मन्त्री, वन मन्त्री र दलका नेताहरूलाई मानवसहितको चुरे संरक्षण गर्न ध्यानाकर्षण गराउने वचन पनि दिनुभयो ।

## भूमि समस्या समाधान गर्न माग

जिल्ला भूमि अधिकार मञ्च, उदयपुरको आयोजनामा जेठ १० गते सुकुम्बासीलाई बसोबास र जोतभोगको आधारपत्र विषयक अन्तर्क्रिया भयो । जोगिदह गाविसको सभा हलमा भएको अन्तर्क्रियामा जोगिदह गाविस सचिव, स्थानीय राजनीतिक दल, सरोकारवाला निकाय र भूमि अधिकारबाट वञ्चित किसानको सहभागिता थियो ।

अन्तर्क्रियामा सहभागी भूमिहीन किसानले आफूहरू लामो समयदेखि बसोबास गरिरहेको क्षेत्रको आधार प्रमाणपत्र गाविसले नदिएकोप्रति गुनासो गरे । भूमिहीनहरूले अन्य जिल्लामा चाहिँ ऐलानी तथा सार्वजनिक क्षेत्रको जमिनमा बसोबास गरेको आधारमा बसोबास तथा जोतभोग प्रमाणपत्र पाउने तर उदयपुरमा चाहिँ किन नमिल्ने ? भन्दै प्रश्न गरेका थिए । भूमिहीन किसानहरूले उठाएको मागप्रति अन्तर्क्रियामा सहभागी वडा नागरिक मञ्च तथा सामुदायिक वनका प्रतिनिधिले पनि समर्थन जनाए ।

अन्तर्क्रियामा सहभागी राजनीतिक दलका प्रतिनिधिहरूले अन्य जिल्लाको पनि प्रक्रिया बुझी वास्तविक भूमिहीनहरूलाई आधार प्रमाणपत्र वितरण गरिनुपर्ने बताए । उनीहरूले भूमिहीनहरूले गाविसमा दिएको निवेदनको आधारमा छानवीन गर्न सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । यस्तै सोही गाविसमा जेठको १७ र १८ गते भएको अगुवा प्रशिक्षणमा २३ महिलासहित ४१ अगुवा सहभागी भई अगुवाको कामबारे जानकारी लिएका छन् ।



मोही भेला

मोही बेदखलीविरुद्ध सङ्घर्ष गर्न सक्ने क्षमता विकास गर्नका लागि जिल्ला भूमि अधिकार मञ्च, पर्वतको आयोजनामा जेठ १५ र १६ गते दुई दिने मोही भेला तथा प्रशिक्षण पिलटारी-७ तमादीमा भयो । प्रशिक्षणमा बाली बुझाएको भर्पाइ लिऊँ अभियानको समीक्षा, मोहीसम्बन्धी कानुनी व्यवस्था, बेदर्तावाल मोहीको मोहियानी हक कायम गर्नका लागि चाहिने आवश्यक प्रमाण, जग्गाधनीबाट भर्पाई र गाविसबाट जोतभोगको सिफारिस लिँदा आउने सम्भावित चुनौती र त्यसलाई सामना गर्ने उपायलगायत विषयमा छलफल तथा सहजीकरण भयो । जग्गाधनीले भर्पाई दिएमा मात्र बाली बुझाउने र गाविसबाट जोतभोगको सिफारिस लिने अभियान सञ्चालन गर्ने योजना तयार भएको छ । प्रशिक्षणमा १८ महिलासहित २६ जनाको सहभागिता थियो ।

## भूमि समस्याबारे मन्त्रीसँग छलफल



आफ्नै घर रहेको पाल्पा आएका भूमि सुधार तथा व्यवस्था मन्त्री दलबहादुर रानालाई जिल्ला भूमि अधिकार मञ्च पाल्पाले जिल्लाको भूमि समस्या बताउँदै समाधानका लागि अनुरोध गरेको छ । २०७१ वैशाख १२ गते तानसेन नगरपालिकाको हलमा भेटी जिल्ला र गाउँ मञ्चका पदाधिकारीले पहाडी कागजको फाइलभित्र राखेको माग, फूलको गुच्छा र मन्त्री हुनुभएकोमा बधाई एवम् कार्यकाल सफलताका लागि शुभकामनासहितको पत्र बुझाएको थियो । मन्त्री रानाले ७२ जिल्लामा सुकुम्बासी आयोग बनाउन लागेको बताउनुभयो । आउँदो कात्तिकसम्ममा २ लाख र माघसम्ममा ४ लाख सुकुम्बासी परिवारलाई लालपुर्जा वितरण गरिने पनि उहाँले बताउनुभयो । दर्तावाल मोहीको जग्गा बाँडफाँट गरिने र गुठीको समस्या समाधान गर्न पहल गरिने पनि उहाँले जानकारी दिनुभएको थियो ।

जिल्ला मञ्चका कोषाध्यक्ष दलबहादुर रास्कोटीले सहजीकरण गरेका भेटघाट कार्यक्रममा जिल्ला मञ्चका पदाधिकारी, पक्लुवा, कैलाशनगर, बतासे, भुसलडाँडा, पानीटङ्की, चितुङ्धारा, माथिल्लो कुनसरे र स्कुलडाँडा गाउँ भूमि अधिकार मञ्चका अगुवासहित २७ जना सहभागी थिए । जसमा महिला १३ जना थिए ।

## हलिया पुनर्स्थापनाबारे अन्तर्क्रिया

जिल्ला भूमि अधिकार मञ्च, बैतडीको आयोजनामा वैशाख २९ गते एक दिने जग्गासहित हलिया पुनर्स्थापनाको विषयमा अन्तर्क्रिया भयो । अन्तर्क्रियामा सहभागी हलियाहरूले जग्गासहित पुनर्स्थापना गर्न माग गरेका छन् । २०६५ मा सरकारले हलिया मुक्तिको घोषणा गरे पनि अहिलेसम्म हलियालाई पुनर्स्थापना नगरेकाले राजनीतिक दल, विज्ञ,



हलिया प्रतिनिधिसहित हलिया पुनर्स्थापना आयोग गठन गरिनुपर्ने र हलियाको पुनः तथ्याङ्क लिइनुपर्ने माग उठाएका छन् । अन्तर्क्रिया गर्नुअघि जिल्ला मञ्चले सबै क्षेत्रको समस्या र राय सङ्कलन गर्नका लागि ९ गाविस र १ नगरपालिकाको १८ वटा बस्तीमा पुगी छलफल गरेको थियो । यस क्रममा भएको छलफलमा ४१८ हलिया र १८७ हलिया आन्दोलनका सहयोगीहरूसँग छलफल भयो ।

## जग्गा दर्ता गर्न माग

भूमि अधिकार मञ्चमा सङ्गठित कञ्चनपुरका ऐलानीबासी भूमिहीन सुकुम्बासीले आफूहरूले भोग गरिरहेको जग्गा दर्ता गरी पुर्जा दिन माग गरेका छन् । वैशाख १४ गते महेन्द्रनगरमा जिल्लास्तरीय भूमिहीन सुकुम्बासीहरूको भेला गरी राज्यसँग यस्तो माग गरेका हुन् ।

सभामा उनीहरूले वर्षौंदेखि जोतभोग गर्दै आएको जग्गा भोगको आधारमा दर्ता गरी लालपुर्जा वितरण गर्न माग गरेका हुन् । उनीहरूले यसका लागि वास्तविक सुकुम्बासीको छानबिन गरी सुरक्षित बासको व्यवस्था गर्न सरकारले अधिकार सम्पन्न आयोग बनाउनुपर्ने बताए ।

जिल्ला भूमि अधिकार मञ्चले संयोजन गरेको भेलामा ३२ गाउँ भूमि अधिकार मञ्चबाट सहभागी थिए । सभामार्फत भूमिहीन सुकुम्बासीले आफ्नो माग पूरा गराउन गाविस, जिल्ला र केन्द्र तहमा एकैपटक दबाबमूलक अभियान चलाउने घोषणा पनि गरे । उनीहरूले यस आन्दोलनका लागि एक सदस्य एक किलो चामल, एक सय नगद सङ्कलन गर्ने पनि जानकारी गराए । सभाका सहभागीहरूले एक दशकदेखि भूमि अधिकार मञ्चको अगुवाईमा आन्दोलन हुँदै आएको भए पनि सरकारले भूमि सुधारको पक्षमा ठोस काम नगरी आशामात्र देखाउने गरेकाले परिणाममूखी काम गराउन दबाबमूलक आन्दोलन गर्ने उद्घोष गरे ।

# चुरे जागरण यात्रा




'चुरेबासीको सशक्त एकता, संरक्षित चुरे र उन्नत जीविका' भन्ने मूल नाराका साथ बाराको अमलेखगञ्ज र सर्लाहीको परवानीपुरबाट चुरे संरक्षण र भूमि अधिकारका लागि वैशाख ६ देखि १२ गतेसम्म ७ दिने जागरण यात्रा रौतहटको पौराई र धनुषाको तुलसी हुँदै महोत्तरीको बर्दिबास पुगी टुङ्गियो । यात्रामा बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाका २९ महिलासहित ७० भूमि अधिकारबाट वञ्चित चुरेपीडित किसान सहभागी थिए ।

यात्रा राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा स्थानीयलाई अधिकतम सहभागी गराई चुरे संरक्षण गर्न सम्बन्धित निकायमा दबाब सिर्जना गर्ने, चुरेबासीलाई सङ्गठित गरी आफ्नो अधिकार दाबी गर्न सक्षम बनाउने, जनविरोधी वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा छलफल गरी उक्त नीति खारेज गरी गरिबमुखी नीति निर्माण लागि सम्बन्धित निकायको ध्यानकर्षण गराउने र आगामी संविधानमा चुरेबासीको अधिकारको विषय पनि समेट्नका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने उद्देश्यले जागरण यात्रा आयोजना गरिएको थियो । 'बसेको हामी धेरै भो, जोतेको जमिन मेरै हो । जमिन हाम्रो घर, किन हामीलाई दिन्छौ डर । वन मास्ने ठेकेदार, अबदेखि होसियार । उत्पादन हामीले बढायौं, बदलामा के पायौं । जोतेको अधिकार लिने छौं, जमिनको तिरो तिर्ने छौं । चुरे जमिन दर्ता गर, संरक्षणको ग्यारेन्टी गर ! जस्ता नारा लेखिएको प्लेकार्डसहित बस्ती-बस्तीमा पुगी चुरेबासी, सामुदायिक वन समितिका पदाधिकारी, गाविस सचिव, स्थानीय राजनीतिक दलका प्रतिनिधिलगायत्सँग भलाकुसारी गरे । यात्राकै क्रममा चुरेपीडितहरूलाई सङ्गठित गरी गाउँ भूमि अधिकार मञ्च गठन गरे, मञ्चको फोटोसहितको सदस्यतापत्र पनि वितरण गरे । यात्रामा जहाँ जहाँ पुगे, त्यहाँको गाउँ/टोल सरसफाइ पनि गरे । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम र वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ र यसले चुरेबासीलाई पारेको असरको विषयमा छलफल पनि चलाए ।

चुरेबासीले २०२० सालदेखि चुरे क्षेत्रमा बसोबास गर्दै आएका तर आफूहरूसँग बसोबास गरिरहेको क्षेत्रको कुनै स्वामित्व नभएको बताए । उनीहरूले आफूहरू विनासकारी नभई संरक्षणकारी भएको बताए । वरपरको जङ्गल जोगाएको, वन तस्करलाई समातेर प्रशासनमा बुझाएको, बाँझो र खेर गइरहेको जमिनको संरक्षण गरी आफू र परिवारको जीविका चलाइरहेको पनि बताए ।

जागरण यात्रामा सहभागीहरूले झोलामा पानीको बोतल, ओढ्ने बर्को, खाने खाजालगायत् आफूलाई आवश्यक पर्ने सामग्री बोकी आफैं पकाउने खाने र बस्ने गरेका थिए । ठाउँ-ठाउँमा यात्रा टोलीलाई समुदाय, गाविस र सामुदायिक वन समितिले खाना र बासको व्यवस्था पनि गरिदिएका थिए ।

## क्षेत्रीय सभा

जिल्ला भूमि अधिकार मञ्च महोत्तरी, धनुषा, सर्लाही, रौतहट र बाराको संयुक्त आयोजनामा चुरे संरक्षण र भूमि अधिकार विषयक क्षेत्रीय सभा भयो । सभाले ११ बुँदे महोत्तरी घोषणापत्र जारी गरेको छ । चुरे तथा वन क्षेत्रमा बसोबास गर्ने भूमिहीन सुकुम्बासीलाई विनाविकल्प सरकारले उठिबास गराउन खोजेपछि यस्तो नीतिको विरुद्ध गाउँ-गाउँमा भएको जागरण यात्रापछि वैशाख १२ गते बर्दिबासमा सभा आयोजना गरिएको थियो ।

सभा राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रममा एमाओवादी नेता दीपबहादुर योञ्जन, नेकपा एमालेका शारदाप्रसाद ढुङ्गाना, नेपाली कङ्ग्रेसका महेश झा, मधेसी जनअधिकार फोरमका तेजनारायण यादवलगायत्ले चुरे संरक्षण र समग्र भूमि सुधारको पक्षमा धारणा राखेका थिए ।

क्षेत्रीय सभामा बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषाका भूमि अधिकारबाट वञ्चित चुरेपीडितसमेत गरी ५ हजार सहभागी थिए । सभामार्फत जारी घोषणापत्रमा सरकारले चुरे क्षेत्र व्यवस्थापन आयोग बनाई त्यस्तो आयोगमा विज्ञसँगै चुरेबासीको संलग्नता हुनुपर्ने, वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ खारेज गरी वन, खोला, सडक छेउमा बसेका भूमिहीन सुकुम्बासी परिवारको छानबीन र उनीहरूको वैकल्पिक व्यवस्था नगरी उठिबास गराउने कार्य बन्द गरिनुपर्नेलगायत् माग घोषणापत्रमा उल्लेख छ ।

## जिल्ला सम्मेलन भयो

जिल्ला भूमि अधिकार मञ्च, कास्कीको दोस्रो जिल्ला सम्मेलन भयो । १७ गते पोखरामा भएको सम्मेलनबाट आशबहादुर गुरुङको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति चयन भएको छ । सम्मेलनबाट उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव र सदस्यहरूमा क्रमशः दानबहादुर शाही, कमला गहतराज, शान्तिसिंह ठकुरी, प्रेम गजमेर, मैतादेवी गुरुङ, दुर्गा पहाडी, रश्मी परियार, रामकृण परियार, जयराम सुनार र चतुरमान विक चयन भएका छन् ।

सम्मेलनमा कृष्टी, सराङकोट, काहुँ, अर्मला, ढिकुर पोखरी, लेखनाथ ननगपालिका र पोखरा उपमहानगरपालिकामा गठित गाउँ भूमि अधिकार मञ्चका सदस्यहरू प्रतिनिधि तथा पर्यवेक्षक गरी १ सय ४ सहभागी थिए ।

त्यसैगरी जिल्ला भूमि अधिकार मञ्च, बर्दियाको तेस्रो जिल्ला सम्मेलन भयो । २०७१ वैशाख ८ र ९ मा सम्पन्न भएको सम्मेलनले होमेन्द्र थापाको अध्यक्षतामा १३ सदस्यीय जिल्ला समिति चयन गरेको छ । सम्मेलनबाट उपाध्यक्ष, कोषाध्यक्ष, सचिव, सहसचिव र सदस्यहरूमा क्रमश : हिरादेवी औजी, दुलारा लोनियाँ, केशबहादुर विक, कृष्णा विक, विष्णु खड्का, देवी घर्तीलगायत् जिल्ला समितिमा चयन भएका छन् ।

सम्मेलनको उद्घाटन सत्रको अवसरमा राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारी, नेपाली कङ्ग्रेसका प्रेम विक, एमाले प्रतिनिधि कृष्ण खनाल, एमाओवादीका जिल्ला अध्यक्ष तिलक शर्मा, राप्रपा नेपालका जिल्ला अध्यक्ष गीता बस्नेत, नेकपा मालेका सहसचिव माधव पौडेल, नेपाल पत्रकार महासङ्घका मिनराज शर्मा, बर्दिया बार एसोसिएसनका उपाध्यक्ष कमलप्रसाद पाण्डे, स्रोत केन्द्रका संयोजक लालमणि भण्डारी, कैलालीका संयोजक जवल तिरुवा, सुर्खेतका सचिव राजेन्द्र शर्मा, बाँकेका अध्यक्ष जसवीर वडलगायत् अथितिहरू सहभागी भई शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## अगुवा प्रशिक्षण

जिल्ला भूमि अधिकार मञ्च, बागलुङको आयोजनामा जेठ ११ र १२ गते अर्जेवामा अगुवा प्रशिक्षण शिविर भयो । शिविरमा जिल्ला मञ्चका अध्यक्ष सुनिता विक, उपाध्यक्ष तिलक नेपाली र स्रोत केन्द्र संयोजक शुभराज चौधरीले सहजीकरण गरेका थिए । अगुवा प्रशिक्षण भूमि अधिकार अभियानका अगुवाहरूको क्षमता विकास गर्न आयोजना गरिएको थियो । प्रशिक्षणमा सहभागी अगुवाले कम्तिमा १/१ जोडीको सयुक्त पुर्जा बनाउने, संविधानमा भूमि सुधार मुद्दा स्थापित गराउन सभासद्लाई चिठी लेख्नेलगायतको कार्ययोजना तयार भएको छ । प्रशिक्षणमा २४ महिलासहित ३७ अगुवा सहभागी थिए ।

## संयुक्त पुर्जा बनाउने बढे

जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकको संयुक्त पुर्जा निर्माण अभियानमा सङ्गठित भई जिल्लाका ४१ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । जिल्लाका सबै सरकारी कार्यालयले सरकारी सेवा दिनेगरी ठूलो धादिङ गाविसमा आयोजना गरेका घुम्ती शिविरमा किसान जोडीले संयुक्त पुर्जा निर्माण गरेका हुन् ।

उनीहरूले मालपोत कार्यालयमार्फत ५६०-९-१-१ रोपनी क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् । त्यस्तै, वैशाख ११ गते जिल्ला भूमि अधिकार मञ्चको पहलमा मालपोत टोलीलाई गाउँमै लगी धुस्कुन गाविसका ५० जोडी किसानले संयुक्त पुर्जा निर्माण गरेका छन् । उनीहरूले ४३७-१०-३-१ रोपनी क्षेत्रफलको जग्गामा संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।

## संयुक्त पुर्जा विषयमा छलफल

जेठ ४ गते ओखलढुङ्गाको कुन्तादेवीस्थित सहकारीको हलमा ८९ जना जम्मा भएका थिए । गाविसमा उपस्थित सबै राजनीतिक दलका अगुवा पनि थिए । गाविस सचिवदेखि विद्यालयका प्रअसम्मको जमघट । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक जगत देउजाले भूमिमा महिला किसानको स्वामित्वबारे बोल्नुभएको थियो । गरिबी घटाउन र सशक्तीकरण बढाउन भूमिमा महिलाको स्वामित्व हुनुपर्ने उहाँको तर्क थियो । यसअघि संयुक्त पुर्जा बनाएका परिवारले पुर्जा बनाएपछिको फाइदाबारे सहभागी सबैलाई सुनाएका थिए ।

कार्यक्रममा उपस्थित दलका अगुवाले कुन्तादेवीलाई संयुक्त पुर्जा धेरै बनाउने पहिलो गाविस बनाउने आश्वासन दिएका थिए । छलफलपछि गाविसका ४७ परिवारले ५२५ रोपनी जग्गामा संयुक्त पुर्जा बनाएका छन् । यसका लागि मालपोतका कर्मचारी गाविसमै गई जेठ ३० गते शिविर राखेका थिए । यसैबीच कटुञ्जे गाविसका ४२ परिवारले करिव ८ सय रोपनी क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा बनाएका छन् । दुवै शिविरमा मालपोत कार्यालय प्रमुख भिष्मराज भट्टराई र नायव सुब्बा राजन दाहाल उपस्थित भई संयुक्त पुर्जा निर्माण गर्न सहयोग गरेका थिए ।

## गुठी समस्याबारे अन्तर्क्रिया



जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोकको आयोजनामा वैशाख २१ गते सदरमुकाम चौतारामा 'गुठी समस्या समाधानमा सरोकारवालाहरूको भूमिका' विषयक अन्तर्क्रिया भयो ।

कार्यक्रममा जिल्लामा रहेको गुठी जमिन, यसले किसानहरूलाई पारेको असर र अबको समाधानको बाटोको विषयमा छलफल भयो । सिन्धुपाल्चोकको ५३ गाविसमा १४८ नामधारी गुठी छ । जोतेको जमिनको कानुनी स्वामित्वको माग किसानले दोहोऱ्याएका छन् । अन्तर्क्रियामा सहमति भएअनुरूप नै सभासद्सहितको टोलीले भूमि सुधार तथा व्यवस्था मन्त्रीलाई भेटी गुठी समस्या समाधानका लागि आग्रह गरेका छन् । अन्तर्क्रियामा सभासद् शेरबहादुर तामाङले जिल्लाको गुठी समस्या समाधान गर्नका लागि आफूले मन्त्रालय तथा संसद्मा पलह गर्ने बताउनुभयो । अझै पनि गुठी समस्या रहिरहँदा किसानहरूले समस्या भोग्नु परेकाले जमिनमा रहेको द्वैध स्वामित्व हटाई किसानलाई अधिकार दिलाउनका लागि जस्तोसुकै पहल गर्न पनि तयार रहेको उहाँले बताउनुभयो ।

अन्तर्क्रियामा पूर्व सभासद् सुवास कर्माचार्य, एमाले अध्यक्ष झम्क नेपाल, नेपाली कङ्ग्रेसका टङ्क कार्की, नेकपा-माओवादीका नेत्र दङ्गाल, राप्रपा नेपालका माधव उप्रेती, मालपोत अधिकृत प्रह्लाद ओली, स्थानीय विकास अधिकारी बलराम ढकाल, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेत र क्षेत्रीय कार्यक्रम अधिकृत कल्पना कार्कीलगायत् विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता थियो । अन्तर्क्रियामा ४९ ( महिला ९, दलित २, जनजाति १६) सहभागी थिए ।

## सरोकारवालासँग छलफल

जिल्ला भूमि अधिकार मञ्च, सिरहाको आयोजनामा जेठ ११ गते 'भूमिहीनको गास, बास र कपासको ग्यारेन्टीका लागि सरोकारवालाको भूमिका' विषयक अन्तर्क्रियात्मक छलफल भयो ।१२ वर्षदेखि सामुदायिक वन क्षेत्रमा बसोबास गर्दै आएका ढोडना, ३ मेनहर्वाका २४ भूमिहीन परिवारको कहीं कतै जमिन नभएकाले उनीहरूको गास, बास र कपासको अधिकारका लागि सबै सरोकारवालाले सहयोग गरिदिनुपर्ने विषयमा छलफल भयो । अन्तर्क्रियामा बोल्ने राजनीतिक दल तथा सरोकारवाला निकायका प्रतिनिधिले बिनाविकल्प सुकुम्बासी बस्ती उठिबास नगर्न जिल्ला वन कार्यालयलाई आग्रह गरेका छन् । कार्यक्रममा ४० महिलासहित ७० जना सहभागी थिए ।

## पुनर्स्थापनाको माग गर्दै हलियाहरू राजधानीमा

भूमि अधिकार मञ्चको संयोजनमा बैतडी तथा डडेलधुराका हलियाहरूले राजधानीका विभिन्न निकायमा डेलिगेसन गई सम्पूर्ण हलियालाई जग्गासहित पुनर्स्थापना गर्न माग गरेका छन् । जेठ १९ गते राजधानी पुगेका हलियाले भूमि सुधार तथा व्यवस्था मन्त्री दलबहादुर राना र अर्थ मन्त्री रामशरण महतलाई सिंहदरवारमा भेटी राज्यले हलिया मुक्तिपछि बेवास्ता गरेकोप्रति गुनासो गरे । उनीहरूले भूमि सुधार मन्त्री रानालाई भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा भेटी हलियाहरूको सुरक्षित बास अधिकारलाई प्राथमिकता दिनुपर्ने, जग्गासहित पुनर्स्थापना चाँडो गरिनुपर्ने, पुनर्स्थापन योजनालाई सहज बनाउन भूमि र हलिया अधिकारका सवालमा क्रियाशील सामाजिक संस्थासमेत सहभागी हुने गरी जिल्ला र गाविस तहमा संरचना बनाई समन्वय र परिचालनको व्यवस्था गरिनुपर्ने, हलियाको तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र व्यवस्थापनको जिम्मेवारी स्थानीय निकायलाई दिइनुपर्ने, विगतमा लिएको तथ्याङ्कमा वास्तविक हलिया छुटेकाले पुनः तथ्याङ्क सङ्कलन गरिनुपर्ने माग राखेका छन् । भूमि सुधार तथा व्यवस्था मन्त्री रानाले हलिया पुनर्स्थापनाका लागि कार्ययोजना तयार भइसकेकाले त्यसलाई कार्यान्वयन गर्ने बताउनुभयो । उहाँले हलियाको क्षेत्रमा काम गर्ने सङ्घ/संस्था तथा अधिकारकर्मीहरूले पनि हलिया कार्ययोजना कार्यान्वयनमा सघाउनुपर्ने बताउनुभयो ।

त्यस्तै अर्थ मन्त्री महतलाई अर्थ मन्त्रालयमा भेटी हलियाहरूको सुरक्षित बासका लागि जनता आवास कार्यक्रमभित्र हलिया समुदाय समेट्नुपर्ने, जग्गासहित पुनर्स्थापनाका लागि आवश्यक नीति र पर्याप्त बजेटको व्यवस्था गरिनुपर्ने, हलिया युवालाई रोजगारी, हलिया बालबालिकाको शिक्षा र हलिया परिवारलाई स्वास्थ्य उपचारमा सहयोग पुग्ने योजना बजेटमै व्यवस्था गर्न माग गरेका छन् । त्यस्तै, मुक्त हलियाको पुनर्स्थापनाका लागि समन्वय, सहजीकरण गर्ने जिम्मेवारीसहित स्थानीय निकायमा आवश्यक जनशक्ति र स्रोत साधनको व्यवस्था गरिनुपर्ने माग पनि राखेका छन् । अर्थ मन्त्री महतले अहिलेकै बजेटमा हलिया समस्या समाधान हुने गरी कार्यक्रम समावेश गर्न लागिएको जानकारी दिनुभएको थियो । राजधानीमा हलिया टिमले जिल्लाका सभासद्, हलिया आन्दोलनमा सघाउँदै आएका संस्थाहरू लुथरन विश्व फेडरेसन, एक्सन एड नेपाल र अन्तर्राष्ट्रिय श्रम सङ्गठनमा पनि पुगी हलिया समस्या समाधानमा सहयोग गर्न अनुरोध गरेका छन् ।

## सुकुम्बासी बस्तीमा निकुञ्जको ज्यादति

बर्दिया मगरागडी– ६ सिउनियाका १०५ परिवार भूमिहीन सुकुम्बासी २०६३ सालदेखि भूमि अधिकार मञ्चमा सङ्गठित भए । उनीहरू सिउनिया मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिको हैसियत बिग्रिएको करिव ५ विघा क्षेत्रमा बसोबास गर्दै आइरहेका छन् ।

२०६६ सालमा सिट्रोनेला, मसुरिया र झर्नियाका भूमिहीनहरूले बाटो निर्माणका क्रममा वनको सुकेको रुख काटी बाटोमा सानो काठे पुल बनाउँदा सामुदायिक वनका पदाधिकारीहरूले विवाद गरी बस्तीमा कोही नभएको मौका छोपी एक घरमा आगो लगाइदिए । आगो लगाउने वनका पदाधिकारी र सुकुम्बासीबीच झडप भयो । सामुदायिक वनका पदाधिकारीहरूले २०६८ सालमा बर्दिया राष्ट्रिय निकुञ्जबाट सेना लिएर बस्तीमा आए । ३ महिलासहित ११ जनालाई जबरजस्ती पक्रेर लगे । उनीहरूलाई अबदेखि त्यहाँ बसोबास गर्दैनौं भनी कागजमा जबर्जस्ती सहीछाप गर्न लगाई ५ दिनपछि छाडियो ।

त्यसपछि झर्नियाका सुकुम्बासीहरू सेनाले पक्राउ गरी लान्छ भन्ने डरले खेतीपाती मात्रै गर्ने र बसोबासचाहिँ अन्तै गर्न थाले । तर गत वर्ष धान रोपाइँको बेला फेरि सेना बस्तीमा आए । जबर्जस्ती पक्रेर लान खोज्दा झडप भयो । सेनाले ५ दिनभित्र निकुञ्ज आउन उर्दी गर्दै गए । त्यसबेला जिल्ला भूमि अधिकार मञ्च, सुकुम्बासीहरू र निकुञ्जका प्रतिनिधिबीच छलफल भयो । निकुञ्जले उनीहरू सुकुम्बासी हो भने राजनीतिक दलले छानबीन गरेमा राज्यले अर्को व्यवस्था नगरेसम्म बसोबास गर्न दिने मौखिक सहमति गऱ्यो । त्यही सहमतिअनुसार २०७० साउन २१ गते मगरागडी गाविसस्तरीय सर्वपक्षीय छलफल भयो । छलफलमा स्थानीय राजनीतिक दल, सामुदायिक वनका पदाधिकारी, वडा नागरिक मञ्चका पदाधिकारीसहित एक छानबिन समिति बन्यो । समितिले १०५ मध्ये ६४ घरधुरीलाई वास्तविक सुकुम्बासी भएको पहिचान गरी प्रतिवेदन तयार गऱ्यो ।

२०६९ चैत ८ गते मगरागाडी गाविसले सुकुम्बासी आयोगको लगतलाई गाविसमा सूचना टाँस गर्दा कहीँ कतैबाट कुनैको दाबी विरोध नपरेको हुँदा उनीहरूलाई सुकुम्बासी आयोगबाट परिचयपत्र दिन सिफारिस पनि भएको थियो । प्रमाण हुँदाहुँदै ६४ घरधुरीलाई वन समितिले घर टहरा नबनाउन चेतावनी दियो । पटकपटक ७ दिने सूचना टाँस गरी बस्ती उठिबास गर्ने चेतावनी दिइयो ।

२०७१ जेठ ७ गते पुनः तेस्रो पटक बर्दिया राष्ट्रिय निकुञ्जबाट सेना बस्तीमा पुगे र आगो लगाई बस्ती खरानी बनाए भने बस्तीका केशुराम थारु, हरिराम थारु र सुन्दरलाल थारुलाई जबर्जस्ती पक्रेर लगी थुनामा राखे । थुनामा राखिएका भूमिहीन सुकुम्बासीलाई छुटाउनका लागि जिल्ला भूमि अधिकार मञ्चका टोली पटक पटक निकुञ्ज कार्यालय जाँदा पनि निकुञ्जले अनुसन्धान बाँकी छ भनेर छाड्न मानेन ।

जेठ १८, १९ र २० गते जिल्लाका राजनीतिक दलका कार्यालयमा पुगी नेताहरूसँग सुकुम्बासीलाई थुनामुक्त गर्न आग्रह गरियो । राजनीतिक दलका प्रतिनिधिहरूले उनीहरूलाई छुटाइदिने आश्वासन दिए । जेठ २१ गते जिल्ला प्रशासनमा डेलिगेसन गई थुनामा रहेका सुकुम्बासीको रिहाइको लागि प्रमुख जिल्ला अधिकारी तेजप्रसाद पौडेलसँग छलफल गरियो । प्रमुख जिल्ला अधिकारीले फोनमा वार्डेनसँग कुराकानी गरी छुटाउन पहल गरिने पनि बताउनुभयो । बर्दियाका सभासदहरूलाई फोन सम्पर्क गरी सुकुम्बासीको रिहाइका लागि अनुरोध गरियो । तर थुनामुक्त हुन सकेका छैनन् । जेठ २७ गते झर्निया गाउँ भूमि अधिकार मञ्चका अध्यक्ष आशारानीलाई पनि निकुञ्ज टोलीले पक्रेर लगेको छ । भूमिहीनहरू ऋण गरेर धरोटी राखी असार २ गते थुना मुक्त भएका छन् ।

*प्रस्तुति : होमेन्द्र थापामगर*

सङ्गठन परिचय

# जनकल्याण गाउँ भूमि अधिकार मञ्च

### कर्मैया-९ सर्लाही

२०६५ कात्तिक १९ गते निर्माण भएको जनकल्याण गाउँ भूमि अधिकार मञ्चमा १९० भूमि अधिकारबाट वञ्चित परिवार सङ्गठित छन् । ४ महिला र ३ पुरुष गरी ७ अगुवा निर्माण भई सक्रिय छन् । सदस्य सबैले फोटोसहितको सदस्यतापत्र लिएका छन् । मञ्चका सदस्यहरूको सक्रियतामा २ लाख ५१ हजार आन्दोलन कोष जम्मा भएको छ । मञ्चमा सङ्गठित भएपछि प्राकृतिक विपत्तिमा परी बसाइँ सरी आएका २ सय घरपरिवारको गाविसको कार्यालयमा बसाइँ सराइँ दर्ता भएको छ । ८४ घरधुरीको बस्ती व्यवस्थापन भएको छ । मञ्चमा सङ्गठित एक सदस्यले जग्गा खरिद गरी संयुक्त पुर्जा निर्माण गरेका छन् । मञ्चका सदस्यहरूले दीगोपनाका लागि सहकारी गठन गरेका छन् । सहकारीमा ५ सय सेयर सदस्य बनाउने योजना छ । सङ्गठित आवाज र एकता हुनुपर्छ भन्ने सबैको विचार छ । बाँझो जग्गाको खोजी र उपयोग बढाएका छन् । सदस्यहरू आफ्नो माग र अडानप्रति स्पष्ट छन् । गाउँ मञ्चको बैठक हरेक महिनाको २५ गते हुन्छ । भूमि घर निर्माण गर्ने, महिला कृषि सहकारी संस्था दर्ता गर्ने र फोटोसहितको सदस्यहरूको रजिस्टर खडा गर्ने योजना बनाएका छन् । र अहिले समुदायको सामाजिक र स्रोत नक्सासहित सङ्गठनको परिवेश पुस्तिका बनाउन कार्यकर्ताले तयारी गरिरहेका छन् ।




# आन्दोलनमा धेरै छौँ

२०७० फागुन १६ देखि १८ सम्म चितवनको ठिमुरामा 'भूमि सुधार र अहिंसात्मक भूमि अधिकार आन्दोलन' विषयक अन्तर्राष्ट्रिय सम्मेलन भयो । सम्मेलनमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, फिलिपिन्स, स्वीटजरल्यान्ड, दक्षिण अफ्रिका, भियतनाम, थाइल्यान्डलगायत् देशका सामाजिक आन्दोलनका अगुवाहरू सहभागी थियौं । ३ दिनको सम्मेलनमा सहभागी सबै राष्ट्रको भूमिको समस्या र समाधानको विषयबारे चर्चा भयो । भूमि समस्या समाधान गर्नका लागि राज्य तथा नागरिक समुदाय र स्वयम् भूमि अधिकारबाट वञ्चित किसानको भूमिका के हुने भन्ने विषयमा पनि छलफल भयो ।

सम्मेलनपछि हामीले गरिरहेको भूमि अधिकार प्राप्तिको आन्दोलनमा हामी मात्र होइन रहेछौं भन्ने विश्वास लाग्यो । हामीले गाउँ, जिल्ला र केन्द्रीय तहमा भूमि अधिकार आन्दोलन गर्दा अपनाउनुपर्ने अहिंसात्मक तरिकाबारे पनि विभिन्न देशबाट आउनुभएका अधिकारकर्मीले दिनुभएको प्रशिक्षणबाट सिकाइ भयो । यसले हामीले जिल्ला तथा गाउँ तहमा अभियान गर्दा अपनाउनुपर्ने विभिन्न उपायका विषयमा पनि धेरै ज्ञान प्राप्त भयो । कार्यक्रममा सहभागी सबैले यो विषयलाई आफ्नो जीवनमा पनि उतार्छन् भन्ने विश्वास लागेको छ । यहाँ त बोक्रोमात्र छ । गुदी केही पनि छैन ।

*-शिवकुमार पासवान, सप्तरी*

## राजगोपालको राम्रो विचार

भारतका अधिकारकर्मी राजगोपाल पिभीद्वारा लिखित 'महाशक्ति बन्ने नाममा दबाइएको आवाज' पढ्ने अवसर मिल्यो । यसले भारतमा भइरहेको भूमि अधिकार आन्दोलनबारे राम्रो ज्ञान पाइयो । भूमि अधिकारकर्मी तथा स्वयम् किसानले कसरी सङ्घर्ष गर्नुपर्छ भन्ने प्रशस्त ज्ञान दिएको छ । सङ्घर्षबिना कुनै पनि कुरा सफल हुन सक्दैन ।

नेपालमा पनि २०२१ सालमा भूमि सुधार गर्दा मधेसका गरिबहरूले मोही हक लेखाए पनि अहिलेसम्म उनीहरूको मोही समस्या समाधान हुन सकेको छैन । किसानहरू झन समस्यामा छन् । भूमि सुधार गर्नको लागि हाम्रो राजनीतिक दलका नेताहरूको आँखा बेलैमा खुलोस् । हामीले बाहिर देशमा भइरहेको सामाजिक आन्दोलनबाट पनि धेरै कुरा सिक्ने अवसर पाउँछौं । त्यसैले भूमि अधिकार बुलेटिनमा आगामी दिनमा पनि यस्तै सामग्रीहरू प्रकाशन भइरहोस् ।

*-सबुरलाल राम*
*अभियानकर्ता, सप्तरी*

## प्रेरणामूलक सामग्री

पूर्णाङ्क ३६ मा छापिएको 'सुल्झेन मोही समस्या' सम्बन्धी विश्लेषण समाचार गाउँ भूमि अधिकार मञ्चको बैठकमा छलफल गर्दा यहाँका बिर्ता समस्या पनि अहिलेसम्म नसल्टेको समस्यासँग मेल खाने देखियो । त्यसमा उमेरले ८२ पुगेका बाँकेका बुधई गडरियाले आफ्नो भूमि हकका लागि गरेको लामो सङ्घर्षको कथाले हरेक गाउँ भूमि अधिकार मञ्चका अगुवा तथा भूमिहीन किसानलाई सङ्घर्ष गर्ने प्रेरणा मिलेको छ भन्ने लागेको छ । भूमि अधिकार बुलेटीनमा यस्तै खोजमूलक र विश्लेषणयुक्त विषयहरू निरन्तर प्रकाशन गर्दै जानु आवश्यक छ ।

*-सोममाया तामाङ*
*अभियानकर्ता, रसुवा*

## सूचना

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस् । छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन् । तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो ।

पठाउने ठेगाना :
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org